# बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना

(२०२५-२०३०), २०८२









सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

धनगढी, कैलाली

# बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना २०२५-२०३०

**२०८२**

सुदूरपश्चिम प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

धनगढी, कैलाली

# दस्तावेज तयारी कार्यदल :


संयोजक : आमोद दाहाल, योजना तथा प्रशासन महाशाखा प्रमुख, आन्तरिक मामीला तथा कानुन मन्त्रालय

सदस्य : ई.संजय कुमार साह, कार्यालय प्रमुख, जल तथा मौसम विज्ञान कार्यालय

सदस्य : लोकराज जोशी , सभापति, नेपाल रेडक्रस सोसाईटी कैलाली जिल्ला शाखा

सदस्य, : चक्रबहादुर बम , बरिष्ठ परियोजना अधिकृत, प्राक्टिकल एक्सन नेपाल

सदस्य सचिव : जनक बहादुर धामी, विपद सम्पर्क व्यक्ति, आन्तरिक मामिला तथा कानुन मन्त्रालय



आर्थिक तथा प्राविधिक सहयोग :

प्राक्टिकल एक्सन नेपाल

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसिमोड)

# शुभकामना

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन समयमै प्राप्त हुने भरपर्दो, पहुँचयोग्य, कार्यमुखी बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास, विस्तार र संस्थागत सुदृढीकरण अपरिहार्य छ। प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५, राष्ट्रिय नीति तथा रणनीति र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप सुदूरपश्चिम प्रदेशमा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण तथा पूर्वकार्यलाई प्रभावकारी बनाउन "बहुप्रकोप पूर्वसूचना प्रणाली रणनीतिक कार्ययोजना, २०८२" तयार गरिएको छ।

यस रणनीतिक कार्ययोजनाले बाढी, पहिरो, डुबान, चट्याङ, वन डढेलो, अत्यधिक गर्मी, शीतलहर, हावाहुरीलगायत बहुप्रकोपबाट उत्पन्न हुनसक्ने जोखिम पहिचान, अनुगमन तथा पूर्वानुमान, पूर्वसूचना प्रवाह, प्रतिकार्य क्षमता विकास गरी लक्षित समुदाय तथा व्यक्तिसम्म समयमै पूर्वसूचना पुऱ्याउने प्रणालीलाई सुदृढ गर्न मार्गदर्शन प्रदान गर्दछ। साथै, तीनै तहका सरकारबिचको समन्वय तथा सहकार्यलाई मजबुत बनाउँदै प्रभावकारी, समावेशी र दिगो पूर्वसूचना प्रणालीको संस्थागत विकासका लागि महत्वपूर्ण आधार तयार गर्ने अपेक्षा गरिएको छ। यो कार्ययोजना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विद्यमान कानुनी व्यवस्था, राष्ट्रिय नीति तथा रणनीति, प्रादेशिक विपद् व्यवस्थापन योजना, प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा, सबैका लागि पूर्वसूचना, सेन्डाई कार्यढाँचा तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय असल अभ्यासलाई आधार मानी सरोकारवाला निकायहरूसँगको समन्वय, सहकार्यमा तयार गरिएको हो।

यस कार्ययोजना तर्जुमा तथा परिमार्जनमा प्राविधिक तथा आर्थिक सहयोग गर्नुहुने ICIMOD, Z Zurich Foundation तथा Swiss Re Foundation प्राक्टिकल एक्सन नेपाल (Practical Action Nepal), जल तथा मौसम कार्यालय, अत्तरिया प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यस रणनीतिक कार्ययोजना तयारीमा महत्त्वपूर्ण भूमिका पुगाउनुहुने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकारका विभिन्न मन्त्रालय, सुरक्षा निकाय, प्रदेश, जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार, सञ्चार क्षेत्र, निजी क्षेत्र लगायत सबैको अमूल्य सहयोगप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

यस कार्ययोजना तर्जुमा प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने यस मन्त्रालयका प्रशासन तथा योजना महाशाखा प्रमुख श्री आमोद दाहाल, विपद् सम्पर्क व्यक्ति श्री जनकबहादुर धामी, प्राक्टिकल एक्सनका वरिष्ठ परियोजना अधिकृत एवं सुदूरपश्चिम प्रदेश विपद् व्यवस्थापन परिषद्का विपद् विज्ञ सदस्य श्री चक्रबहादुर बम, जल तथा मौसम कार्यालय प्रमुख ई. संजय साह, नेपाल रेडक्रस सोसाइटी, कैलालीका सभापति श्री लोकराज जोशी तथा विपद् विज्ञ उपसमिति सदस्य श्री लक्ष्मी प्रसाद जोशीप्रति विशेष धन्यवाद तथा आभार व्यक्त गर्दछु।

त्यसैगरी, यस रणनीतिक कार्ययोजना तयारीका क्रममा मार्गदर्शन गर्नुहुने प्राक्टिकल एक्सनका राष्ट्रिय निर्देशक श्री पूजा शर्मा, जलवायु कार्यक्रम प्रमुख डा. धर्मराज उप्रेती, कार्यक्रम व्यवस्थापक श्री विक्रम राना तथा ICIMOD का श्री वीरेन्द्र बज्राचार्य, साथै यस दस्तावेज तयारीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**तेजप्रकाश जोशी**
प्रदेशसचिव
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
सुदूरपश्चिम प्रदेश सरकार

# विषय सूची


| | |
|---|---|
| **अध्याय १: पृष्ठभूमि** | १ |
| १.१ विपद् जोखिमको अवस्था | १ |
| १.२ सुदूरपश्चिम प्रदेशमा बहुप्रकोप विपद्को अवस्था | २ |
| १.३ पूर्वसूचना प्रणाली | ४ |
| १.३.१ जोखिमको ज्ञान | ४ |
| १.३.२ जोखिमको अनुगमन, विश्लेषण र पूर्वानुमान | ४ |
| १.३.३ पूर्वसूचनाको सञ्चार तथा प्रसार | ५ |
| १.३.४ प्रतिकार्यका लागि पूर्वतयारी गर्ने क्षमता | ५ |
| १.४ सुदूरपश्चिम प्रदेशमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम तथा पूर्वसूचना प्रणाली | ६ |
| **अध्याय २: बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना** | ९ |
| २.१. दीर्घकालीन सोच | ९ |
| २.२. ध्येय | ९ |
| २.३. उद्देश्य | ९ |
| २.४. निर्देशक सिद्धान्तहरु | १० |
| २.५. कार्यनीतिक गतिबिधि | ११ |
| २.५.१. जोखिमको ज्ञान | ११ |
| २.५.२. जोखिम अनुगमन, विश्लेषण तथा पूर्वानुमान | १६ |
| २.५.३. पूर्वसूचना सञ्चार तथा प्रसार | २१ |
| २.५.४. प्रतिकार्य क्षमता | २४ |
| २.५.५. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र कार्यान्वयनका लागि आवश्यक वातावरण | ३२ |
| २.५.६. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र कार्यान्वयनका लागि क्षमता विकास | ३४ |
| २.५.७. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण | ३९ |
| २.६. प्रादेशिक बहुप्रकोप पूर्वसूचना सञ्चार तथा प्रसार प्रणालीको ढाँचा | ४२ |
| **अध्याय ३ : आर्थिक श्रोतको व्यवस्थापन** | ४४ |
| **अध्याय ४: अनुगमन, मूल्याङ्कन, सिकाई र पुनरावलोकन** | ४५ |
| **अनुसूचीहरु** | ४६-६० |

# अध्याय १: पृष्ठभूमि

## १.१ विपद् जोखिमको अवस्था

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सात प्रदेशमध्ये सुदूरपश्चिम प्रदेश पनि एक हो । यस प्रदेशका ९ जिल्लामध्ये कैलाली र कञ्चनपुर तराईका जिल्ला, डोटी, डडेल्धुरा, अछाम र बैतडी पहाडी जिल्ला, र दार्चुला, बझाङ र बाजुरा हिमाली जिल्ला पर्छन् । यो प्रदेशमा एक उप–महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका सहित ७३४ वडा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार सुदूरपश्चिम प्रदेशको जनसंख्या पुरुष १२,७२,७८६ जना र महिला १४,२१,९९७ जना सहित जम्मा २६,९४,७८३ जना रहेका छन् । क्षेत्रफलको दृष्टिकोणबाट यो प्रदेशले नेपालको १३.२७ प्रतिशत भू-भाग ओगटेको छ भने ९.२४ प्रतिशत जनसंख्या यहाँ बसोबास गर्दछन् । राष्ट्रिय योजना आयोगले सन् २०२० मा प्रकाशित गरेको मानव विकास प्रतिवेदन अनुसार मानव विकास सूचकाङ्कका आधारमा ७ प्रदेशमध्ये सुदूरपश्चिम प्रदेश पाँचौ स्थानमा रहेको छ ।

जल तथा मौसम विज्ञान विभागको सन् १९७१ देखि २०१४ सम्मको तथ्यांक हेर्दा सामान्यतया अन्य प्रदेशको तुलनामा यो प्रदेशमा हिउँदे वर्षा हुने प्रवृत्ति बढी रहेको छ भने मनसुनी वर्षा पनि वार्षिक ०.१ देखि ४ मिमिको दरमा बढी रहेको देखिन्छ । राष्ट्रिय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना - २०७९ का अनुसार पहिरोको जोखिम रहेको नेपालको ३२ जिल्लाहरुमध्ये पाँच जिल्ला (डोटी, डडेल्धुरा, बाजुरा, बझाङ र दार्चुला) सुदूरपश्चिममा नै पर्दछन् भने प्रदेशको दुई वटा तराई जिल्लाहरु (कैलाली र कञ्चनपुर) बाढीको उच्च जोखिममा रहेका २३ जिल्लाहरु मध्येमा पर्दछन् । Natural Hazards and Earth System Sciences मा सन् २०२२ मा प्रकाशित शोधपत्र अनुसार यो प्रदेशमा रहेको गोदावरी क्षेत्र लगायत सुदूरपश्चिम प्रदेशमा भूकम्पीय जोखिमको दृष्टिकोणले सामाजिक संकटासन्नता उच्च रहेको देखिएको छ जहाँ सानो भूकम्पले पनि ठुलो क्षति पुऱ्याउन सक्दछ[1] ।

विश्वव्यापी रुपमा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विविध प्रयासहरु मध्ये बहुप्रकोप पूर्वसूचना प्रणालीलाई प्राथमिकतामा राखेको छ । यो कार्यढाँचाले मानव केन्द्रित बहुप्रकोप तथा बहुआयमिक पूर्वानुमान तथा पूर्वसूचना प्रणाली, विपद् जोखिम तथा आपत्कालीन सञ्चार संयन्त्र, सामाजिक प्रविधि तथा प्रकोप अनुगमन सञ्चार प्रणालीको विकास, व्यवस्थापन तथा सबलीकरणमा लगानी गर्न जोड दिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक दिएको छ भने प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, पूर्वतयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व रहेने कुरा उल्लेख गरिएको छ । प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभको साथै समग्र विपद् व्यवस्थापनको अधिकार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा

[1] https://nhess.copernicus.org/articles/22/3211/2022/nhess-22-3211-2022.pdf

रहेकोछ । विद्यमान पुर्वानुमान तथा पूर्वसूचना प्रणालीको सुदृढीकरण तथा मुख्य प्रकोपहरुको लागि पूर्वसूचना प्रणाली स्थापना गर्न नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८–२०३०) स्वीकृत गरेको छ । सन् २०३० सम्ममा बहुप्रकोप पूर्वसूचना प्रणाली देशको सबै भूभाग र जनसंख्यामा पुर्‍याउने लक्ष्य नेपाल सरकारले लिएको छ । त्यसै गरी सुदूरपश्चिम प्रदेशको प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७ ले पनि पूर्वसूचना प्रणालीको विकास, स्थापना तथा सञ्चालनलाई प्राथमिकताको सूचीमा राखेको छ । यही पृष्ठभूमिमा सुदूरपश्चिम प्रदेशले यो प्रादेशिक बहुप्रकोप पूर्वसूचना प्रणाली रणनीतिक कार्ययोजना, २०८२ तयार गरेको छ । यस कार्ययोजनाले बहुप्रकोप पूर्वसूचना प्रणालीको सुदृढीकरण, विकास, विस्तार, व्यवस्थापन र सोको सेवा प्रवाह गर्न सुदूरपश्चिम प्रदेश सरकारलाई मार्ग निर्देश गर्ने अपेक्षा लिइएको छ ।

## १.२ सुदूरपश्चिम प्रदेशमा बहुप्रकोप विपद्को अवस्था

DRR पोर्टलका अनुसार नेपालको ८० प्रतिशतभन्दा बढी जनसंख्या विपद्को जोखिममा छन् । नेपालको अधिकतम विपद्का घटनाहरु मौसमी घटनासंग सम्बन्धित रहेका छन् । सन् २०१८ देखि २०२३ सम्म को ६ वर्षको अवधिमा नेपालमा सबैभन्दा धरै घटनाहरु आगलागीबाट भएका छन् । त्यसपछि क्रमशः पहिरो, चट्याङ्ग र भारी वर्षाका कारण घटनाहरु घट्ने गरेका छन् । सुदूरपश्चिम प्रदेशको अवस्था पनि त्यही नै देखिन्छ । सुदूरपश्चिम प्रदेशको १० प्रमुख घटनाहरुको प्रमुख कारक तत्वहरु मध्ये भूकम्प पनि प्रमुख कारक तत्वको रुपमा देखिएको छ ।

सुदूरपश्चिम प्रदेशको जिल्लागत विपदका घटनाहरु हेर्दा ६ जिल्ला बझाङ, बाजुरा, डडेल्धुरा, डोटी, कैलाली र कञ्चनपुरमा आगलागी प्रमुख छन् । अझ तराईका जिल्लाहरु कैलाली र कञ्चनपुरमा आगलागीको घटना अत्यधिक उच्च रहेका छन । आगलागी पछि दोश्रो प्रमुख विपदको रुपमा पहिरो देखिएको छ । पहिरोबाट पहाडी जिल्लाहरु बढि प्रभावित भएका छन । तेश्रो विपदको घटना मेघगर्जन तथा चट्याँङबाट भएको देखिन्छ । पहाडी जिल्लाहरुमा तुलनात्मक हिसाबले मेघगर्जन तथा चट्याङ्गका घटनाहरु बढी देखिएको छ । भारी वर्षाले ल्याउने विपद् चौथो स्थानमा देखिएको छ । भारी वर्षाको प्रकोप सबै जिल्लाहरुमा देखिए तापनि पहाडी जिल्लाहरुको लागि अझ समस्याको रुपमा देखिएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले अभिलेख गरे अनुसार सन् २०१८ देखि २०२३ को अवधिमा सुदूरपश्चिम प्रदेशमा केन्द्रविन्दु भई ४ रेक्टर स्केल म्याग्नीच्युट वा सोभन्दा माथिका जम्मा ८९ पटक भूकम्पका धक्काहरु महसुस गरिएका छन् । अर्कोतर्फ सन् १५०५ देखि हालसम्म यस क्षेत्रमा ठुला भूकम्प नगएको कारण यो प्रदेशमा भूकम्पीय जोखिम पनि उत्तिकै उच्च रहेको छ । यस प्रदेशमा डडेलो अथवा जंगली आगलागीका घटनाहअरु प्रत्येक वर्ष चैत्रदेखि वैशाख महिनासम्म अत्याधिक घट्ने गरेका छन् ।

प्रदेशका नौ वटै जिल्लाहरुले तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरुमा पनि बाढी, पहिरो, भूकम्प, हावाहुरी, असिना, जंगली जनावरको आक्रमण, महामारी आदि मुख्य प्रकोपको रुपमा पहिचान गरिएका छन् । तराई जिल्लाहरुमा खोँच तथा नदी किनारका बस्तीहरु बाढीबाट बढी प्रभावित छन् भने पहाडी तथा हिमाली जिल्लाहरु पहिरोबाट बढी प्रभावित छन् । सेती, कर्णाली, महाकाली, बुढी गंगा, ठुलीगाड,

मोहना, कान्द्रा, दोदा र तिनका सहायक तथा शाखा नदीहरुको किनारमा बसेका समुदाय बाढीबाट बढी प्रभावित छन् । उपयुक्त मापदण्ड नअपनाइ बनाइएका सडकले पनि बाढी, डुबान तथा पहिरोको घटनामा वृद्धि गराएको छ । मापदण्ड विपरीत बनेका सडक संरचनाको कारण बाढी र डुबानको समस्या बढी छ । चट्याङ्गबाट अछाम र खडेरीबाट बझाङ्ग र बाजुरा जिल्लाहरु बढी प्रभावित भएका छन् । सामान्यतया मनसुनको समयमा (असार देखि असोज महिना सम्म) बाढीका घटनाहरू धेरै घटेका छन । दुरहाम विश्वविद्यालयको वैज्ञानिक विश्लेषणका आधारमा यस प्रदेशको बाजुरा, बझाङ्ग र अछाम जिल्लाका भू-भागहरु पहिरोको उच्च जोखिम क्षेत्र भनी पहिचान गरिएको छ । सुदूरपश्चिम प्रदेशको प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७ अनुसार बाढी, पहिरो, भूकम्प, आगलागी, हावाहुरी, खडेरी, असिनापानी, महामारी, डडेलो, जंगली जनावरको आक्रमण, चट्याङ्ग, शीतलहर, हिमपात, सडक दुर्घटना, सर्पदंशका कारण सुजित विपद प्रदेशको प्रमुख विपदको रुपमा रहेका छन् ।

विपद् पोर्टलको सन् २०१८ देखि २०२३ सम्मको तथ्यांकलाई हेर्दा प्रदेशमा पहिरोबाट कुल ११२ जनाको मृत्यू र २५५ घर पूर्णरुपमा क्षति भएका छन् । आगलागीबाट सबैभन्दा बढी आर्थिक क्षति भई ४९.३ करोड रुपैंया बराबरको धनमालको क्षति भएको छ भने हावाहुरी र बाढीका घटना संख्याको दृष्टिकोणले छैटौं र सातौं स्तरमा रहेतापनि यिनीहरुबाट प्रभावित जनसंख्या र परिवार संख्या अधिक रहेको छ । बढ्दो जल तथा मौसमजन्य प्रकोपका घटना र सापेक्षिक रुपमा निम्न आर्थिक–सामाजिक र विकासको न्यून स्तरका कारण सुदूरपश्चिम प्रदेश विपद्को उच्च जोखिममा रहेको छ ।

गृह मन्त्रालयको डीआरआर पोर्टलका अनुसार सापेक्षिक रुपमा सुदूरपश्चिम प्रदेशले विपद्को बढी भार खेपिरहेको छ । देशको ९.२४ प्रतिशत जनसंख्या भएको प्रदेशले २०१८ देखि २०२३ सम्म विपद्जन्य मानवीय क्षतिको ११ प्रतिशत अंश व्यहोरेको छ । सोही अवधिमा विपद्बाट प्रभावित देशको कूल घरपरिवारमध्ये झण्डै २२ प्रतिशत सुदूरपश्चिम प्रदेशको रहेको छ ।

वि.सं. २०७८ कार्तिकको सुरुवातमा भएको मनसुन पश्चातको वर्षाका कारण नेपालका २६ जिल्लाहरु प्रभावित भएकोमा सातवटा जिल्ला (बैतडी, डडेल्धुरा, बाजुरा, डोटी, बझाङ्ग, कैलाली र अछाम) सुदूरपश्चिम प्रदेशका थिए । यो वर्षाका कारण १२० जनाको ज्यान गएको थियो जसमा ३६ जना (३० प्रतिशत) सुदूरपश्चिम प्रदेशका थिए । तत्पश्चात नेपाल सरकारले १० वटा जिल्ला संकटग्रस्त घोषणा गरेकोमा ६ वटा जिल्ला (६० प्रतिशत) (बझाङ्ग, बाजुरा, बैतडी, डडेल्धुरा, डोटी र दार्चुला) सुदूरपश्चिम प्रदेशकै थिए । यसरी हरेक वर्षको विपद्बाट सुदूरपश्चिम प्रदेशले सापेक्षिक रुपमा उच्च प्रभाव बेहोर्दै आएको छ ।

विभिन्न सरोकारवालाहरू समुदाय तथा स्थानीय बासिन्दासँगको अन्तरक्रिया तथा समूह छलफलबाट पनि पहिरो, बाढी, जंगली जनावरको आतंक, सुख्खा (खडेरी), आगलागी, कोभिड-१९, झाडापखाला जस्ता महामारी, शीतलहर, भूकम्प, सडक दुर्घटना जस्ता प्रकोपहरु यस प्रदेशका विपद्का कारक रहेको जानकारी प्राप्त भएको छ । यी घटनाहरुले वर्षेनी जमिन, जंगल, जडीबुटी, घरपालुवा पशुपन्छी, बालीनाली, सरकारी

तथा सामुदायिक भवन, बाटोघाटो, अस्पताल, विद्युत, टेलिफोन, खानेपानी, सिंचाइ नहर जस्ता भौतिक संरचनामा हानि नोक्सानी पुऱ्याउदै आएको छ ।

## १.३ पूर्वसूचना प्रणाली

प्रकोपको जोखिममा रहेका व्यक्ति, समुदाय र संस्थाहरुलाई, सम्भावित हानी वा नोक्सानी हुनबाट बचाउन वा सम्भावित जोखिम न्यूनीकरण गर्न समयमै उपयुक्त र पर्याप्त तयारी र आवश्यक कार्य गर्नका लागि सचेतनामूलक सूचना वा जानकारी समयमै उत्पादन र प्रचार-प्रसार गरी सरोकारवाला समक्ष पुऱ्याउनु नै पूर्वसूचना प्रणाली हो । जनकेन्द्रित पूर्वसूचना प्रणालीको चार मूल तत्वहरु हुन्छन् । तिनीहरु हुनः १) जोखिमको ज्ञान २) जोखिमको अनुगमन, विश्लेषण र पूर्वानुमान ३) पूर्वसूचनाको सञ्चार वा प्रसार र ४) प्राप्त पूर्वसूचनाको आधारमा प्रतिकार्य गर्ने क्षमता । ती चार मूल तत्वहरु अन्तर्गत पनि प्रत्येकको तीन मूल कारक तत्वहरु छन् जसलाई प्रभावकारी पूर्वसूचना प्रणालीको लागि राम्ररी बुझ्न आवश्यक छ । तिनको यहाँ छोटो विवरण दिइएको छ ।

### १.३.१ जोखिमको ज्ञान

कुनै व्यक्ति, समुदाय वा संस्था र तिनका सम्पत्ति र सम्पदालाई कुनै प्रकोप वा प्रकोपहरुबाट पर्न सक्ने नकारात्मक परिणामका सम्भावनाहरुलाई नै जोखिम भनेर बुझिन्छ । जोखिम हुनलाई कुनै प्रकोपको घटना हुनु पर्दछ, त्यस घटनाप्रति व्यक्ति, समुदाय, संस्था वा तिनको सम्पदा सम्मुखमा आएको हुनु पर्दछ, र ती सम्मुखमा आएका व्यक्ति, समुदाय, संस्था वा तिनको सम्पदा ती प्रकोपप्रति संवेदनशील वा संकटासन्न हुनु पर्दछ । जोखिमका यी तिनै कारक तत्वहरु– प्रकोप, सम्मुखता र संकटासन्नता वा संवेदनशीलता– उच्च भएको अवस्थामा जोखिम पनि उच्च हुन्छ । उच्च जोखिम भएको स्थानमा पूर्वसूचना प्रणालीको अति आवश्यकता पर्दछ । त्यसैले पूर्वसूचनाको लागि जोखिमको ज्ञान हुनु पहिलो आवश्यकता हो । जोखिम नभएको स्थान वा अवस्थामा पूर्वसूचना प्रणालीको आवश्यकता कम हुन्छ ।

### १.३.२ जोखिमको अनुगमन, विश्लेषण र पूर्वानुमान

एकै स्थानको जोखिम पनि सधै एकै तहमा रहदैन । यसका कारक तत्वहरु परिवर्तनशील हुने भएकोले जोखिम पनि समय अनुसार परिवर्तनशील हुन्छ । त्यसैले जोखिमका कारक तत्वहरुको अटुट रूपमा निगरानी वा अनुगमन गरिरहनु पर्दछ । तीन वटा कारक तत्वहरुमध्ये नकारात्मक परिणाम ल्याउनमा प्रकोपको ठुलो भूमिका भएको र प्रायः प्रकोपका घटनाहरु प्राकृतिक भई मानिसको नियन्त्रणमा पनि नहुने भएकोले यसको निरन्तर निगरानी र पूर्वानुमान गर्नु अति आवश्यक छ । लगातारको निगरानी र पूर्वानुमानबाट प्राप्त तथ्याङ्कको आधारमा पूर्वसूचना दिनु पर्ने हो वा होईन विश्लेषण गरिन्छ । प्रकोपको विश्लेषणबाट पूर्वसूचना दिनु पर्ने अवस्था भएमा तुरून्त जिम्मेवार निकाय वा व्यक्तिमा सो सूचना दिइन्छ । तर त्यस्तो अवस्था नभएमा सूचना दिइरहनु पर्दैन । साधारणतया कुनै खास प्रकोपको खास समय वा महिनामा बढी गतिविधि हुने गर्दछ । त्यसैले त्यस्तो समयमा निगरानी वा अनुगमन पनि तीब्र गर्नु पर्दछ । त्यस्तो बेलामा अनुगमन, विश्लेषण र पूर्वानुमान गर्न चुकेमा पूर्वसूचना दिन पनि चुकिन्छ र महाविपद्को अवस्था श्रृजना हुन सक्दछ ।

प्रकोपको तह पूर्वसूचना दिनु पर्ने अवस्थामा नभए पनि जोखिम उच्च हुने मौसम वा ऋतुमा सम्भावित प्रभावित समुदाय र सरोकारवालाहरुलाई प्रकोपको नियमित जानकारी दिइरहनु आवश्यक हुन्छ । यसो गरेमा सो जानकारीको आधारमा उनीहरु मानसिकरुपमा तयार हुन गई आवश्यक योजनाहरु तयार भईरहेका हुन्छन र जोखिमको पूर्वसूचना दिइहाल्नु पर्ने अवस्था आएमा प्रतिकार्यको लागि त्यस्ता मानसिक तयारीले ठुलो सकारात्मक भूमिका खेल्दछ । सम्मुखता र संकटासन्नता पनि परिवर्तनशील हुने भएकोले तिनीहरुको पनि निरन्तर अनुगमन र विश्लेषण गर्नु पर्दछ ।

## १.३.३ पूर्वसूचनाको सञ्चार तथा प्रसार

पूर्वसूचना दिनुपर्ने अवस्था भएमा जिम्मेवार निकायले सो सूचना प्राप्त भएपछि त्यसलाई व्यापक रुपमा प्रचार-प्रसार गर्नुपर्दछ । यस्तो सूचना सबै सम्बन्धित व्यक्ति, समुदाय र सरोकारवालाहरुले बुझ्ने भाषा र संकेतमा तयार पारिएको हुनुपर्दछ र सम्बन्धित सबैले सजिलै पाउन सक्ने गरी दोहोरो सम्बादको लागि वातावरण सुनिश्चित गरिनु पर्दछ । त्यस्ता सूचनालाई तदारुकताकासाथ उपलब्ध सवै माध्यमहरु जस्तैः टेलिफोन, एसएमएस, इन्टरनेट, पर्चा, रेडियो, वायरलेस रेडियो, फेसबुक, मेसेन्जर, ट्विटर, आदि जे माध्यम उपलब्ध हुन्छ त्यसबाट प्रचार-प्रसार गर्नुपर्दछ । समुदायस्तरमा साइरन बजाएर, स्थानीय स्तरमा उपलब्ध साधनहरु जस्तै हाते माइक, आदिको प्रयोग गरी घरघरमा गएर, प्रचार-प्रसार गर्नुपर्दछ । समुदायको सबैभन्दा संवेदनशील वा संकटासन्न अवस्थामा भएका समूह जस्तै, बालबालिका, बृद्धबृद्धा, आपांङ्गता भएका व्यक्ति, महिला त्यसमा पनि गर्भवती र सुत्केरी र एकल महिलालाई सूचनाको सुनिश्चितताका लागि प्राथमिकता दिनुपर्दछ । पूर्वसूचनाको प्रचार प्रसार संगसंगै सम्बन्धित व्यक्तिलाई  कसरी ज्यान र सम्पत्ति जोगाउने र सुरक्षित स्थलतर्फ कसरी जाने जस्ता सल्लाह सुझाव पनि दिनु पर्दछ ।

## १.३.४ प्रतिकार्यका लागि पूर्वतयारी गर्ने क्षमता

पूर्वसूचनाको जानकारी प्राप्त भएपछि व्यक्ति, समुदाय र सरोकारवालाले क्षति तथा नोक्सानी सकेसम्म कम गर्न पूर्वतयारीका कामहरु गर्नु पर्दछ । पूर्वतयारीका कार्यहरु गर्नका लागि व्यक्ति, समुदाय र सरोकारवालालाई उपयुक्त क्षमताको आवश्यकता पर्दछ जुन मुलतः तीन कुरामा भर पर्दछ । पहिलो, योजना, कार्यक्रम, नीति, नियम र कानुनी प्रावधानहरु तथा तिनीहरुलाई कार्यान्वयन गर्ने सङ्गठनात्मक संयन्त्र विद्यमान हुनु । उपयुक्त योजना, कार्यक्रम, नीति, नियम र कानुनी प्रावधानहरुको निर्माण पूर्वावस्थामा भएको खण्डमा पूर्वतयारी कार्य प्रभावकारी हुन्छ । दोश्रो, सम्बन्धित व्यक्ति, समुदाय र सरोकारवालामा भएको ज्ञान तथा सिप । व्यक्ति, समुदाय र सरोकारवालामा पूर्वसूचना सम्बन्धी र पूर्वतयारी कार्यका लागि जति धेरै उपयुक्त ज्ञान र सिप भयो त्यति नै पूर्वसूचना प्रभावकारी हुन्छ । तेश्रो, श्रोतसाधन, त्यसमा पनि आर्थिक श्रोतको आवश्यकता अत्यधिक रहने गर्दछ । क्षमता विकासका यी तीन कारक तत्वहरु सबल भएमा प्रतिकार्यका लागि पूर्वतयारी गर्ने क्षमता उच्च हुन्छ । त्यसैले यी तत्वहरुमा जहाँ कमजोरी छ, त्यसलाई सबल बनाउनु पर्दछ ।

पूर्वसूचना प्रणालीलाई प्रभावकारी र छिटो-छरितो तवरले कार्यान्वयन गर्ने प्रणालीलाई आवश्यक संस्थाको निर्माण र सुशासनको अभ्यास, समुदायभित्र पनि अति संवेदनशील व्यक्ति तथा समूहलाई केन्द्रित र बहुप्रकोप प्रणाली अपनाउन आवश्यक छ । यसमा निजी, सरकारी, गैरसरकारी, व्यक्ति, समुदाय, आदि सबै सरोकारवालाहरुको सहभागिता अति महत्वपूर्ण रहन्छ ।

## १.४ सुदूरपश्चिम प्रदेशमा विपद् जोखिम न्यूनीकरण कार्यक्रम तथा पूर्वसूचना प्रणाली

प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७ अनुसार सुदूरपश्चिम प्रदेशका विभिन्न नदीमा बाढी पूर्वसूचना प्रणालीहरु संचालनमा रहेका छन् । विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, र केही पालिकाहरुमा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरु स्थापना भएका छन । जिल्लाहरुमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण भएका छन् । स्थानीयस्तरमा विपद् व्यवस्थापन समितिहरु गठन भएका छन् र वडास्तर तथा जोखिममा रहेको समुदायमा समुदाय विपद् व्यवस्थापन समितिहरु गठन भएका छन् । यी समितिहरुमा केही स्वयंसेवक तथा अन्य मानवीय श्रोतहरु पनि रहेका छन् । समुदायस्तरमा रहेका स्वयंसेवकहरुले खोज तथा उद्धार, पूर्वसूचना र प्राथमिक उपचारका कार्यहरु गर्ने गरेका छन् । केही विद्यालयमा विद्यालय स्तरीय जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा पूर्वतयारीका लागि पूर्वअभ्यासहरु हुने गरेका छन् । जिल्लामा खोज तथा उद्धारका लागि द्रुत प्रतिकार्य टोलीहरु परिचालन गर्ने गरेका छन् । प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन कोष स्थापना भएका छन् । प्रत्येक जिल्लामा आपत्कालीन अवस्थामा सेवा प्रदान गर्ने केन्द्रहरु जस्तै, अस्पताल, रक्तसञ्चार केन्द्र, एम्बुलेन्स, अग्नी नियन्त्रक यन्त्र आदि रहेका छन् । विपद्को बेला चाहिने सामग्रीहरुको भण्डारको लागि प्रदेश स्तरमा विभिन्न संस्थाका गोदामहरु रहेका छन् । विभिन्न संघ संस्थाहरुले पुनर्स्थापना तथा पुननिर्माणका क्षेत्रमा केही काम, जस्तै विपद् जोखिममा रहेका समुदायका लागि केहि जिविकोपार्जनका गतिविधि, सञ्चालन गरिरहेका छन् । समुदायको पहुँचलाई निरन्तरता दिन र सडकलाई सुरक्षित राख्न सडकमा कल्भट निर्माण, विद्यालयहरुको प्रबलीकरण प्रणालीबाट सुधार, भवन निर्माण आचार संहिता लागु आदि भएका छन् । केही बिमा कम्पनीहरुले कृषि, पशु, मौसम तथा बाढी सूचकांकका आधारमा बिमा गरिरहेका छन् । आपत्कालीन प्रतिकार्यका लागि सुदूरपश्चिम प्रदेशमा विषयगत क्षेत्रहरु पनि गठन गरिएका छन् । यी सबै गतिविधिहरु पर्याप्त नभए पनि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले समग्र विपद् जोखिम न्यूनीकरणको कार्यलाई अगुवाइ गर्दै प्रदेशको विपद् उत्थानशीलताको लागि निरन्तर काम गरिरहेको छ ।

जल तथा मौसम विज्ञान विभागको सन् १९७१ देखि २०१४ सम्मको तथ्यांक हेर्दा सामान्यतया अन्य प्रदेशको तुलनामा यो प्रदेशमा हिउँदे वर्षा हुने प्रवृत्ति बढेको छ भने मनसुनी वर्षा पनि वार्षिक ०.१ देखि ४ मिमिको दरमा बृद्धि हुने गरेको छ र प्रदेशमा वर्षेनी जलवायुजन्य विपद्का घटनाहरु घट्ने गरेका छन् । सुदूरपश्चिम प्रदेशका सेती, महाकाली, कर्णाली, मोहना, र बुढीगंगा नदीमा बाढी पूर्वसूचना प्रणाली स्थापना गरिएको छ । सबै जिल्लाहरुमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएका छन् । ती केन्द्रहरुमा आवश्यक सरसामान सहित मानवीय संसाधन उपलब्ध रहेका छन् भने तिनीहरु २४ सै घण्टा सञ्चालनमा रहेका छन् । तर यी केन्द्रहरुमा इन्टरनेटको पहुँचमा समस्या, ब्याट्री तथा उपकरणको नियमित मर्मतमा ध्यान नपुगेको,

सही तवरले टिभी मनिटर नचलेको, समुदायसंग राम्रो पहुँच नभएको जस्ता समस्याहरु रहेका छन् । सबै पालिकाहरुमा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्नमा सहयोग गर्ने प्रदेश सरकारको योजना रहेको छ । प्रदेशमा बहुप्रकोप पूर्वसूचना सञ्चार तथा प्रचार-प्रसार प्रणालीको पनि विकास गरिएको छ, जसलाई जिल्ला विपद् व्यवस्थापन समितिले अपनत्व ग्रहण गरेको छ । समुदायमा यो प्रणालीको पहिचान पनि बढदै गएको छ ।

हाल विद्यमान पूर्वसूचना सञ्चार तथा प्रचार-प्रसार प्रणालीमा, टेलीफोन खासगरी मोबाइल फोन, टिभी, रेडियो, हाते साइरन, एसएमएस, वाट्सएप, फेसबुक म्यासेन्जर, कागजका पर्चा आदि प्रयोग गरिएका छन् जुन प्रभावकारी देखिएको पनि छ । त्यस्तै समुदायस्तरमा खबरहरु आदान प्रदान गर्न निश्चित समुदाय वा व्यक्तिले परम्परागत साधन जस्तै दमाहा, टिन/भाँडा बजाएर वा मौखिक माध्यमबाट सूचना फैलाउने गर्दछन् । पहाडमा कटुवाल परम्परा तथा तराईका थारु बाहुल्य क्षेत्रमा चिराकी जस्ता परम्परागत सूचना सम्प्रेषण गर्ने व्यवस्था अझै पनि केही हदसम्म प्रचलनमा छ । विद्यमान पूर्वसूचना प्रणालीलाई अझ प्रभावकारी बनाउन स्थानीय स्तरमा प्रयोग भइरहेका यस्ता गतिविधिहरुलाई पनि बहुप्रकोप पूर्वसूचना प्रणालीमा आवद्ध गर्न आवश्यक छ । जे जस्तो प्रचारप्रसारका साधन र माध्यम प्रयोग गरे तापनि तिनले सही सूचना दिई जीवन रक्षामा केन्द्रित हुनु पर्दछ ।

बाढी, पहिरो, आगलागी, जस्ता प्रकोपप्रति स्थानीय जनता पनि सचेत देखिन्छन् । विभिन्न संघसंस्थाहरु समुदायलाई सचेत गर्न, तालिम दिन, श्रोतसाधन उपलब्ध गराउने आदि  कार्यका लागि सक्रिय छन् । यसका साथै समुदायले जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रसंग, छिमेकी समुदायसंग, माथिल्लो/तल्लो जलाधार क्षेत्रका समुदायसंग मोबाइल फोन वा टेलिफोन प्रयोग गरेर सञ्चार गर्न सक्ने अवस्था पनि रहेको छ । समुदायभित्र विभिन्न समूहहरु जस्तै विपद् व्यवस्थापन समिति, खोज तथा उद्धार कार्यदल, पूर्व सूचना कार्यदल र प्राथमिक उपचार कार्यदल र महिला स्वयम्सेवक कार्यदल पनि छन् । तिनीहरुलाई सम्बन्धित कार्यको लागि तालिम पनि प्रदान गरिएको छ । यसको अलावा समुदायका कुनै सदस्यहरु बाढी अनुगमन कार्यमा पनि सहभागी भएका छन् । सम्बन्धित कार्यदलका सदस्यहरुलाई आवश्यक सरसामग्रीहरु पनि उपलब्ध गराइएको छ । जस्तै हाते साईरन, डोरी, डुंगा, प्राथमिक उपचार सामग्री, आदि । केही सामुदायिक विपद् व्यवस्थापन समितिले आपत्कालीन कोषको पनि स्थापना गरेका छन् । प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७ मा पनि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पूर्वसूचना प्रणालीको प्रादेशिक र स्थानीय रणनीतिक कार्ययोजना तयार गरी लागु गर्ने लक्ष्य राखेको छ ।

जल तथा मौसम विज्ञान कार्यालयका अनुसार सुदूरपश्चिम प्रदेशमा ४१ वटा स्वचालित मौसम मापन र ४५ वटा स्वचालित जल मापन केन्द्रहरु स्थापना गरिएका छन् । यी जल तथा मौसम मापन केन्द्रहरुले तत्समयको वर्षा तथा नदीको जलसतहको सूचना विभागको वेवसाइटमार्फत सार्वजनिक गराउदछन् । विभागद्वारा पूर्वनिर्धारित सतर्कता तथा खतराको तहमा वर्षा वा खोलाको तह पुगेमा प्रणालीमा साइरन बज्नुका साथै रंग पनि परिवर्तन हुन्छ । तर सर्बसाधारणको इन्टरनेटमा पहुँचको अवस्था नभएको र पहुँच हुनेले पनि वेवास्था गरेका कारण सो सूचना सबैले थाहा पाएका हुदैन । यद्यपि विभागले सो वेबसाइट निगरानी गरिरहने भएकोले सतर्कताको तहमा पुगेपछि विभागले सम्बन्धित निकायहरु, गृह मन्त्रालय, प्रदेश

सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, आदिलाई तुरुन्त सूचना दिई पूर्वसूचना संप्रेषण गर्दछ । त्यस्ता पूर्वसूचनालाई प्रदेश तथा अन्तर्गतका जिल्ला र स्थानीय तहमा संप्रेषण गरी पूर्वसूचनाको प्रचार–प्रसार गरिन्छ । हाल भूकम्पको पूर्वसूचना प्रणाली विकसित भइसकेको अवस्था नभएकोले विद्यमान पूर्वसूचना प्रणालीमा यसको सूचना बाढीको सूचना झैं प्रवाह गरिएको देखिदैन ।

विपद्को बेला स्वास्थ्य सम्बन्धी महामारीलाई प्रभावकारी तवरले व्यवस्थापन गर्नका लागि सुदूरपश्चिमको डोटीमा नेपाल सरकारको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र रहेको छ । प्रदेशका अन्य तीन वटा अस्पतालहरु, महाकाली अस्पताल (कञ्चनपुर), डडेल्धुरा अस्पताल (डडेल्धुरा) र सेती प्रदेशिक अस्पताल (कैलाली) लाई उपकेन्द्रहरुको रुपमा स्थापना र विकास गरिएको छ । यी केन्द्रहरुले सम्भावित वा विद्यमान महामारीको बारेमा तथ्याङक संकलन गर्ने, विश्लेषण गर्ने, र सम्भावित कारक र उपलब्ध श्रोतको आधारमा भविष्यको योजना बनाउने गर्दछन् । जिम्मेवारी भूमिका अनुसार वातावरण तथा घटनाक्रमलाई अध्ययन तथा आँकलन गरी यी केन्द्रहरुले सम्भावित महामारीको पूर्वसूचना दिने क्षमता राख्दछन्, जसलाई विपद् पूर्वसूचना प्रणालीमा आवद्ध गर्नु पर्ने हुन्छ ।

सुदूरपश्चिम प्रदेशले विपद् व्यवस्थापन कोष पनि स्थापना गरेको छ । प्रदेश अन्तर्गतका जिल्लाहरुले पनि विपद् व्यवस्थापन कोषको स्थापना गरेका छन । यी रकमहरु समग्र विपद् व्यवस्थापनका लागि व्यवस्था गरिए तापनि अभ्यासमा विपद्पछिको राहत कार्यको बेलामा अधिक परिचालित भएका छन् । यी रकमलाई पूर्वसूचना प्रणाली लगायत पूर्वतयारी कार्यमा पनि परिचालन गर्नु पर्ने आवश्यकता रहेको छ । प्रदेशको प्राथमिकतामा परेका अन्य प्रकोपहरू जस्तै पहिरो, भूकम्प, चट्याङ्ग, आगलागी, हावाहुरी, खडेरी, असिनापानी, जंगली जनावरको आतंक, रोगव्याधी, महामारी, आदिको पूर्वसूचना प्रणाली विकसित भइसकेको अवस्थामा छैन । यी अन्य प्रकोपहरुको पूर्वसूचना प्रणालीको विकास गर्न ति प्रकोपबाट हुनसक्ने जोखिमको वैज्ञानिक पद्धतिबाट विश्लेषण गरिएको ज्ञान र जानकारी भएको अवस्था पनि छैन । बाढी पूर्वसूचना प्रणाली र स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट प्रसारित आपत्कालीन स्वास्थ्य कार्यक्रमको बिचमा पनि समन्वय गर्ने र एकीकृत गर्नु पर्ने आवश्यकता देखिएको छ । यसका साथै अन्य प्रकोपहरुको पूर्वसूचना प्रणाली विकास गरी सबैलाई एकीकृत गरी बहुप्रकोप पूर्वसूचना प्रणालीको स्थापना, सञ्चालन र विकास गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै बहुप्रकोप पूर्वसूचना प्रणाली रणनीतिक कार्ययोजना २०२५-२०३० तयार गरीएको छ ।

# अध्याय २: बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना

नेपालको संविधानले परिकल्पना गरेको नागरिकको मौलिक हकहरुलाई सुनिश्चित गर्न, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८–२०३०), राष्ट्रिय जलवायु नीति २०७६, सुदूरपश्चिम प्रादेशिक विपद् व्यवस्थापन योजना २०७७, आदिले परिकल्पना गरेको दीर्घकालीन सोचहरु हासिल गर्न सुदूरपश्चिम प्रदेशले यो सुदूरपश्चिम प्रदेश बहुप्रकोप पूर्वसूचना प्रणाली रणनीतिक कार्ययोजना २०२५-२०३० निर्माण गरेको छ । यसको दिर्घकालीन सोच, रणनीति, उद्देश्य र कार्यनीतिक गतिविधिहरु निम्नानुसार रहेका छन् ।

## २.१. दीर्घकालीन सोच

बहुप्रकोप पूर्वसूचना प्रणालीको स्थापना, सञ्चालन र विकास मार्फत प्रभावकारी विपद् पूर्वतयारी तथा प्रतिकार्य मार्फत विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय क्षति न्यूनीकरण गर्दै सुदूरपश्चिम प्रदेशलाई विपद् जोखिम उत्थानशील प्रदेशको रुपमा विकास गर्ने ।

## २.२. ध्येय

विभिन्न प्रकोपबाट हुने सम्भावित विपद्को बारेमा समयमै पूर्वसूचना प्रदान गरी विपद् पूर्वतयारी, खोज तथा उद्धार, प्रतिकार्य र पुनर्निर्माण/पुनर्स्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई उत्थानशील प्रदेशको निर्माण गर्न सहयोग गर्ने ।

## २.३. उद्देश्य

- प्रदेशमा पहिचान भएका विभिन्न प्रकोपबाट विभिन्न भौगोलिक क्षेत्र, समुदाय र समयमा हुन सक्ने सम्भावित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सास्कृतिक तथा वातावरणीय सम्पदाहरुमा पर्न सक्ने जोखिम तथा हानिनोक्सानीको पूर्ण जानकारी लिने, राख्ने र अद्यावधिक गर्ने ।
- विभिन्न प्रकोपबाट विभिन्न भौगोलिक क्षेत्र, समुदाय र समयमा हुन सक्ने सम्भावित मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय सम्पदाहरुमा पर्न सक्ने जोखिम तथा हानिनोक्सानी बारे सम्बधित समुदाय र सरोकारवालाहरुलाई पूर्वसूचना, जानकारी तथा सल्लाह दिने र सो प्रयोजनको लागि प्रभावकारी प्रकोप अनुगमन, विश्लेषण र पूर्वानुमान तथा प्रचार-प्रसारको संयन्त्रको विकास र व्यवस्थापन गर्दै सम्बन्धित समुदाय र सरोकारवालाहरुको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने ।
- उक्त कार्यहरु गर्नका लागि प्रादेशिक नीति, नियम, सांगठनिक संरचना तथा प्राविधिक जनशक्तिको विकास र सुधार गर्दै सबै सरोकारवाला सरकारी, गैरसरकारी, समुदाय तथा निजी क्षेत्रलाई तिनीहरुले खेल्न सक्ने विभिन्न भूमिकाको लागि सहकार्य गर्न परिचालन गर्ने ।

## २.४. निर्देशक सिद्धान्तहरु

**बहुप्रकोपीय दृष्टिकोणलाई अपनाइने:-**

पूर्वसूचना प्रणाली बहुप्रकोपीय हुनेछ । प्रत्येक क्षेत्रलाई बहुप्रकोपको लेखाजोखा गर्नुको साथै एउटै प्रणालीबाट विभिन्न सञ्चारका माध्यमहरु उपयोग गरी सबै खाले प्रकोपका सूचना प्रवाह गर्ने प्रणाली अपनाइने छ ।

**पूर्वसूचना प्रणालीलाई विकासको मूलधारमा समाहित र एकीकृत गरिने:-**

बहुप्रकोप पूर्वसूचना प्रणालीलाई सबै विषयगत क्षेत्रका विकास कार्यक्रममा एकीकृत गरिनेछ र यसलाई समायोजन गरिनेछ । सबै क्षेत्रका विकास कार्यक्रम र त्यसका उपलब्धिहरुको विपद् जोखिमको लेखाजोखा गरिने, सोको जानकारी समुदाय र सरोकारवालाहरुलाई दिई तत्क्षेत्र र विषयमा पूर्वसूचना प्रणाली उपयोग गरी तत्क्षेत्रको विपद् जोखिम न्यूनीकरण गर्दै उत्थानशीलताको अभिवृद्धि गरिने छ ।

**बहुसरोकार दृष्टिकोण अंगालिने:-**

बहुप्रकोप पूर्वसूचना प्रणालीको प्रभावकारी कार्यन्वयन तथा संचालनको लागि विपद् जोखिम न्यूनिकरण र पूर्वसूचना प्रणालीमा संलग्न सबै र सोबाट लाभान्वित तथा प्रभावित सबै समुदायको सहभागिता सुनिश्चित गरिने छ ।

**पारदर्शी प्रणाली अवलम्वन गरिने:-**

बहुप्रकोप पूर्वसूचना प्रणालीका गतिविधिहरु पारदर्शी तवरले गरिनेछ । यसका उपलब्धि तथा प्रगतिहरु सबै सरोकारवालासंग आदानप्रदान गरिनेछ । यस सम्बन्धी नीति, नियम, कानुन तथा कार्यक्रमहरु सबैको जानकारीमा ल्याइनेछ । सोको निर्माणमा सबैको भनाइ राख्ने अवसरको सुनिश्चितता गरिनेछ ।

**विज्ञान र अनुसन्धानमा आधारित हुने:-**

बहुप्रकोप पूर्वसूचना प्रणाली विज्ञान र अनुसन्धानबाट प्राप्त तथ्यहरुमा आधारित हुनेछ । वैज्ञानिक पद्धतिको प्रयोग गरी प्रकोप लेखाजोखा गर्ने, सूचना वा सञ्चार प्रणाली र अन्य कृयाकलापलाई तथ्य-परक बनाई प्रभावकारी तवरले सञ्चालन गरिनेछ ।

**विद्यमान बाढी पूर्वसूचना प्रणालीलाई सबल बनाउदै त्यसलाई आधार बनाई बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास गरिने:-**

सुदूरपश्चिम प्रदेशमा हाल सञ्चालनमा रहेका बाढी पूर्वसूचना प्रणालीलाई आधार बनाई त्यसमा रहेका सबल पक्षलाई संरक्षण र प्रवर्धन गर्दै, पाठ सिक्दै अन्य प्रकोपको अध्ययन अनुसन्धान गरी बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र बिस्तार गरिने छ ।

**कोही कसैलाई पनि पछाडि नपारिने:-**

बहुप्रकोप पूर्वसूचना प्रणालीले समाजका अति संकटासन्न समूहलाई केन्द्रबिन्दुमा राख्दै कुनै पनि जातजाति, वर्ग, धर्म, समुदाय, लिङ्ग, आदिलाई छुटाइने छैन । सबै समुदायको विशेषता अनुसारको जोखिम र सोबाट हुने विपद्को लागि पुर्वसूचना दिइनेछ ।

## २.५. कार्यनीतिक गतिबिधि

निर्देशक सिद्धान्तहरुलाई आत्मसात गर्दै, उपर्युक्त ध्येय अंगाल्दै, दीर्घकालीन सौंच र उद्देश्य प्राप्तिको लागि अल्पकालीन २०२५-२०२६, मध्यकालीन २०२५-२०२८, दीर्घकालीन २०२५-२०३०, समयावधिका लागि पूर्वसूचना प्रणालीको आधारभूत स्तम्भहरुलाई समेट्दै निम्न कार्यनितिहरु लागु गरिने छ ।

### २.५.१. जोखिमको ज्ञान

***रणनीतिक उद्देश्य:*** बहुप्रकोपको कारण बहुक्षेत्रमा पर्ने जोखिमको आँकलन गर्ने र जानकारी लिने ।

***नतिजा:*** उच्च जोखिममा रहेका भौगोलिक क्षेत्र, पूर्वाधार, समुदाय, घरधुरी, व्यक्ति, तथा तिनका सम्पदामा विभिन्न प्रकोपको खतराको तह पहिचान भएको हुने ।

पूर्वसूचना प्रणालीको मुख्य आधार भनेको प्रकोपको कारण हुनसक्ने जोखिमको ज्ञान र जानकारी नै हो । प्रकोप अनुसार तिनको उच्च जोखिम क्षेत्र र समुदाय पनि फरक हुने भएकोले, हाल प्राथमिकता प्राप्त प्रकोपहरुको जोखिमको सही जानकारी तथा ज्ञानको लागि यसको तीनै वटा कारक तत्वहरु (प्रकोप, सम्मुखता र संकटासन्नता वा संवेदनशीलता) को अध्ययन गरिने छ । त्यसको लागि सर्बप्रथम यी प्रमुख प्रकोपहरुको प्रदेश तथा प्रदेशभित्रको भौगोलिक क्षेत्रस्तरको पुनः प्राथमिकीकरण गर्ने, विभिन्न प्रकोपप्रति सम्मुखता भएका मानवीय तथा तिनको सम्पत्तिको संख्यात्मक लेखाजोखा वा जोखिम विश्लेषण गरिनेछ । यसरी लेखाजोखा गरेर आएका तथ्याङ्क र सूचनालाई भौगोलिक सूचना प्रणालीको नक्सा (जीआइएस) मा उतारिनेछ । जुन भौगोलिक क्षेत्रमा उच्चस्तरको अधिक संख्यामा विभिन्न प्रकारका प्रकोपहरु हुने सम्भावना छ, जहाँ अधिक संख्यामा मानविय र सम्पत्ति प्रकोपको सम्मुखतामा पर्छन् र ती सम्मुखतामा परेका मानविय र सम्पत्तिको उच्च संवेदना वा संकटासन्नता हुन्छ, त्यस्ता भौगोलिक क्षेत्रको जोखिम उच्च रहनेछ । प्रकोपको स्तर, सम्मुखताको मात्रा र संकटासन्नताको स्तरको आधारमा जोखिमलाई सामान्य तह, सतर्कता तह र खतराको तह गरी तीन तहमा वर्गीकरण गरिनेछ । 'जोखिम सामान्य तहमा भएको अवस्था' भनेको सम्भावित प्रभावित समुदाय वा व्यक्ति र तिनको सम्पदालाई सम्भावित प्रकोपबाट हुने हानि नोक्सानी हुन नसक्ने अवस्था हो । यस्तो अवस्थामा पूर्वसूचना दिनु आवश्यक हुदैन, तर जोखिम कुन तहमा छ, बढ्दै छ वा घट्दै छ वा यथास्थितिमा छ, सोको जानकारी भने दिइरहनु पर्दछ । त्यसपछिको तह सतर्कता तह हो । सतर्कता तह भनेको प्रकोपको त्यो तह हो जसले अब कुनै पनि बेला प्रकोपले हानि नोक्सानी गर्न सक्दछ भनेर बुझाउँदछ । यो तहमा प्रकोप पुगेपछि सम्भावित प्रभावमा रहेका समुदाय वा व्यक्तिलाई तुरुन्त पूर्वसूचना दिन आवश्यक हुन्छ । पूर्वसूचना पाएपछि व्यक्ति र समुदायले आफूले सार्न सक्ने सामान तथा महत्वपूर्ण कागजपत्र, गरगहना तथा बहुमूल्य सम्पत्ति आफैसंग लैजाने तथा लैजान नसक्ने सरसामानलाई सुरक्षित तरिकाले थन्क्याउने, आफू रहेको स्थान वा घर छाडेर सुरक्षित क्षेत्रतिर जानका लागि तयारी अवस्थामा रहनु पर्दछ । पूर्वसूचनाको अर्को र अन्तिम तह खतराको सूचना हो । प्रकोपको यो तह भनेको हानि नोक्सानी हुने तह हो । खतराको सूचना पाएपछि सम्भावित प्रभाव क्षेत्रमा अवस्थित व्यक्तिहरु आफ्नो स्थान छाडेर सुरक्षित क्षेत्रतिर जानु पर्दछ । उपर्युक्त कुराहरुलाई मध्यनजर गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र जल तथा मौसम विज्ञान विभागबाट समेत प्राविधिक सहयोग लिई जोखिमको ज्ञान र जानकारी सम्बन्धमा निम्न रणनितीक गतिविधिहरु लागु गरिनेछ ।

तालिका १. जोखिमको ज्ञान सम्बन्धी रणनीतिक गतिविधि

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा/ सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| १ | विपद् निम्त्याउने विद्यमान प्रकोपहरुको प्रदेशस्तरीय प्राथमिकीकरण गर्ने र प्रकोप नक्शा तयार गर्ने | प्रमुख प्रकोपहरुको पहिचान भई सोको सूची तथा नक्शा तयार हुने । | अल्पकालीन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जिल्ला विपद् व्यवस्थान समिति, स्थानीय तह, नेपाल रेडक्रस सोसाईटी, जिल्ला तथा प्रदेश स्तरको परामर्श तथा गोष्ठी, निजी क्षेत्र विकास साझेदार |
| २ | प्रकोपहरुबाट सम्भावित जोखिम भएको भौगोलिक क्षेत्र, जनसंख्या तथा घरधुरीको संख्या, मानव निर्मित संरचनाहरुको पहिचान तथा नक्सांकन गर्ने । | प्राथमिकता प्राप्त प्रकोपप्रति उच्च सम्मुखतामा रहेका भौगोलिक क्षेत्रहरुको पहिचान भई सोको प्रकोप नक्सा तयार हुने । | अल्पकालीन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, स्थानीय तह, सम्बन्धित बिषय/ क्षेत्रका कार्यालयहरु (सडक, खानेपानी, बिद्युत, दूरसंचार, शिक्षा, स्वास्थ्य, आदि), समुदाय, निजी क्षेत्र, विकास साझेदार संस्थाहरु |
| ३ | विभिन्न प्रकोपहरुको सतर्कता तथा खतराको तह (Hazard Threshold) निर्धारण गर्ने | प्राथमिकता प्राप्त प्रकोपहरुको विभिन्न क्षेत्र र समुदायमा सतर्कता तथा खतराको तहको जानकारी पाउनुको साथै सतर्कता र खतराको तहबाट कति घरधुरी र कति जनसंख्या प्रभावित हुने हो, सोको जानकारी तथा जोखीम नक्सा तयार भएको हुने । | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा/ सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | | | | | |
| ४ | प्रकोप प्रभावित क्षेत्रमा रहेका जनसंख्याको संकटासन्नताको अध्ययन गर्ने । लिङ्ग , उमेर, एकल महिला, गर्भवती तथा सुत्केरी, अपाङ्ग, आर्थिकस्तर, भाषा, शिक्षा, सीप, प्रकोप सम्बन्धी ज्ञान, आदिको आधारमा जनसंख्यामा भएको हिस्साको पहिचान गर्ने | सतर्कता तथा खतरा तह वा अति, मध्यम र न्यून स्तरको प्रकोप क्षेत्रले समेटेका जनसंख्याको संकटासन्नता, लिङ्ग, उमेर, एकल महिला, गर्भवती, सुत्केरी, अपांगता, विपन्न वर्ग, भाषा, शिक्षा, सीप, प्रकोप सम्बन्धी ज्ञान, आदि सहितको, पहिचान हुने र सो विवरण देखाइएको संकटासन्ता नक्सा तयार भएको हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह,राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विकास साझेदारहरु |
| ५ | प्रकोपहरुबाट सम्भावित प्रभाव क्षेत्र/स्थानमा भएका घरहरुको विभिन्न प्रकोपप्रतिको संकटासन्नता पहिचान गर्ने | विभिन्न प्रकोपका सतर्कता तथा खतरा तहभित्र वा अति, मध्यम र न्यून क्षेत्रभित्र संकटासन्नतामा रहेका घरहरु पहिचान तथा जानकारी भएको प्रतिवेदन तथा जीआइएस नक्सा तयार भएको हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | स्थानीय तह, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बिकास साझेदारहरु |
| ६ | प्रकोप प्रभावित स्थानमा अवस्थित विभिन्न मानव | सहभागितामूलक विधिबाट संरचनाहरुको | मध्यकालीन | आन्तरिक मामिला तथा मन्त्रालय | सम्बन्धित विषय/क्षेत्रका कार्यालयहरु (सडक, |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा/ सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | निर्मित संरचनाहरुको विभिन्न प्रकोपप्रतिको संकटासन्नता पहिचान गर्ने | संकटासन्नता लेखाजोखा गरेर विभिन्न तहको जोखिम देखाइएको वडा तहको जीआइएस नक्सा तयार हुने | | | खानेपानी, विद्युत, दूरसंचार, शिक्षा, स्वास्थ्य, आदि), स्थानीय निकाय, समुदाय, निजी क्षेत्र, बिकास साझेदारहरु |
| ७ | प्रकोपहरुको सतर्कता तथा खतराको तहमा मानव जनसंख्या र मानव निर्मित संरचनाको जोखिम तथा जोखिमको विभिन्न तहको पहिचान गर्ने | प्राथमिकता प्राप्त प्रकोपहरुको सतर्कता तथा खतराको तह वा अति, मध्यम र न्यून तहको प्रकोप क्षेत्रभित्र रहेका समुदाय तथा सम्पदाको विभिन्न प्रकोपका कारण उत्पन्न हुने जेखिम तहहरुको जानकारी र त्यसको वडा तहको जीआइएस नक्शा तयार हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विशेषज्ञ टोली |
| ८ | अति जोखिम भएका क्षेत्रमा प्राथमिकता प्राप्त प्रकोपहरुको अनुगमन तथा अवलोकन केन्द्रहरुको स्थापना, व्यवस्थापन तथा सञ्चालन गर्ने | प्राथमिकता प्राप्त प्रकोपहरुको नियमित अनुगमन केन्द्रहरु स्थापना भई ती प्रकोपहरुको सतर्कता तथा खतरा तह समयमै पत्ता लाग्ने अवस्था | मध्यकालीन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |
| ९ | सुदूरपश्चिम प्रदेशमा हाल बाढी पूर्वसूचना प्रणाली | नदीहरुमा आउने खतरायुक्त बाढीको तहको अध्यावधिक | मध्यकालीन | आन्तरिक मामिला तथा कानुन | जल तथा मौसम विज्ञान विभाग |

| क्र.सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा/ सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | सञ्चालन भएका नदीहरुको विद्यमान बाढीको प्रकोप नक्साहरु पुनरावलोकन गर्ने, अध्यावधिक गरिएको बाढीको प्रकोप नक्साको आधारमा पोलिगन पनि अध्यावधिक गर्ने, र पोलिगन नभएको अवस्थामा पोलिगन नक्सा बनाउने | र पहिचान हुने र सो को जानकारी समुदाय तथा सरोकारवालाहरुले पाएको अवस्था हुने | | मन्त्रालय | |
| १० | पहिरो जान सक्ने भौगोलिक क्षेत्रको लागि पहिरो ल्याउन सक्ने वर्षाको न्यूनतम मात्रा र बाढी आउने नदीको लागि खतराको तहसम्म बाढी ल्याउन सक्ने वर्षाको मात्राको पहिचान गर्ने | वर्षाको मात्रा हेरेर पहिरो र बाढीको जोखिमको पूर्वानुमान हुने र सोको जानकारी समुदाय र सरोकारवालाहरुलाई हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |
| ११ | आगलागी तथा वन डढेलो निम्त्याउन सक्ने मौसमी सूचकहरु पहिचान गरी प्रकोप सूचकाङ्क (Hazard Index) निर्धारण गर्ने | विभिन्न बस्ती तथा वन क्षेत्रमा विभिन्न समयमा डढेलोको लागि अनुकूल हुने मौसमी सूचकहरु पहिचान भई उक्त सूचकहरुको आधारमा पूर्वसूचना | मध्यकालीन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा/ सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | | प्रणाली सञ्चालन हुने | | | |
| १२ | सबै प्रकोप अनुगमन केन्द्रहरु संघीय, प्रादेशिक र जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुसंग आबद्ध गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणालीको लागि स्थापना गरिएका अनुगमन केन्द्रहरुबाट नियमित र सजिलै सूचना प्रवाह भएको हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| १३ | प्रदेश तथा स्थानिय तहको जलवायु जोखिम सूचकांकको आधारमा बालबालिकाको विपद जोखिम व्यवस्थापनको कार्ययोजना बनाई लागुगर्ने । | जलवायु जोखिम सुचकाँकको आधारमा बालबालिकाको विपद जोखिम व्यवस्थापनको कार्ययोजना लागु भएको हुने । | मध्यकालिन | आन्तरिक मामीला तथा कानुन मन्त्रालय | स्थानिय तह, बिकास साझेदार |

हाल पहिचान भएका तथा प्राथमिकतामा परेका प्रकोपहरु बाढी, पहिरो, भारी वर्षा, भूकम्प, आगलागी, डढेलो, हुस्सु/कुहिरो/शीतलहर, तातो हावाको लहर, हावाहुरी, खडेरी, असिना, महामारी, जंगली जनावरको आतंक, चट्याङ्ग, आदिमध्ये बाढी, भारी वर्षा, डढेलो, हुस्सु/कुहिरो/शीतलहर र तातो हावाको लहर बाहेक अन्यको पूर्वसूचना प्रणाली विकास भएको अवस्था छैन । त्यसैले तिनको घट्ना हुने मौसम, समय, क्षेत्र, तिनको तीब्रता, आवृत्ति तथा प्रवृत्ति, आदिको अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ ।

### २.५.२. जोखिम अनुगमन, विश्लेषण तथा पूर्वानुमान

***रणनीतिक उद्देश्य:*** जोखिमको स्तर/तह अनुगमन, विश्लेषण तथा पूर्वानुमान गर्ने र पूर्वसूचना दिने ।
***नतिजा:*** सतर्कता तथा खतराको तहमा प्रकोप पुगेमा वा पुग्ने पूर्वानुमान भएमा सोको जानकारी वा सूचना प्रभावकारी ढङ्गले सम्बन्धित निकायले समयमै प्राप्त गर्ने ।

प्राथमिकता प्राप्त प्रकोपहरुबाट हुन सक्ने जोखिमको सतर्कता तथा खतराको तह पहिचान भएपछि ती प्रकोप र त्यसका कारक तत्वहरुलाई निरन्तर निगरानी र अनुगमन गर्नु पर्दछ । यसो गर्नाले हुन लागेको सम्भाव्य हानि र नोक्सानीको अवस्था बेलैमा पत्ता लाग्ने र त्यो हानि र नोक्सानीको अवस्था आउनुभन्दा अगावै सो

जानकारी सम्बन्धित अधिकारीमा पुऱ्याउन सकिन्छ । प्रकोपको विभिन्न तहमा हुन सक्ने हानि र नोक्सानीको तह जोखिम लेखाजोखा गर्ने चरणमा रहेको हुनाले यो चरणमा मुख्यत प्रकोपको तहको अनुगमन, विश्लेषण तथा पूर्वानुमान नै मुख्य गतिविधिको रुपमा रहन्छ ।

अनुगमन केन्द्रहरुमा जडान गरिएका प्रकोप अनुसारको विशिष्टीकृत स्वचालित तथा मानव सञ्चालित उपकरणहरुले प्रत्येक प्रकोपको अनुगमन गर्दछन् र त्यहाँ भएको स्वचालित उपकरणहरुले नै प्रकोपको तहको जानकारी सम्बन्धित आधिकारिक निकायमा पठाउँछन् । अनुगमन केन्द्रहरुमा मानवीय अनुगमन पनि गरिन्छ । ती केन्द्रहहरुमा मान्छेको उपस्थितिले गर्दा उपकरणले सही काम गरेको छ वा छैन सोको अनुगमन पनि हुन्छ र सम्बन्धित आधिकारिक निकायले उपकरणबाट प्राप्त तथ्याङ्कको प्रमाणीकरण गर्नु परेको खण्डमा केन्द्रको अनुगमनकर्ताले सो प्रमाणीकरण गर्दछ । सुदुरपश्चिम प्रदेशमा संचालनमा रहेका जलमापन केन्द्रहरुको विवरण अनुसूची १ मा र मौसमी केन्द्रहरुको विवरण अनुसूची २ मा दिईएको छ । प्रकोपको तहको अनुगमन, विश्लेषण तथा पूर्वानुमान अन्तर्गत निम्न मुख्य रणनीतिक गतिविधिहरु गरिनेछ ।

तालिका २. प्रकोप अनुगमन, विश्लेषण तथा पूर्वानुमान सम्बन्धी रणनीतिक गतिविधि

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| १ | प्रविधिको प्रयोग गरी सबै प्रकारका प्रकोपहरुको अनुगमन, विश्लेषण तथा पूर्वानुमानलाई छिटो, छरितो र तथ्यपरक बनाउने | प्राथमिकता प्राप्त प्रकोपहरुको लागि विधियुक्त अनुगमन केन्द्रहरु स्थापित भएको हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सामाजिक विकास मन्त्रालय |
| २ | प्रदेशको भौगोलिक क्षेत्रभित्र रहेका जल तथा मौसम विज्ञान विभागका जलमापन केन्द्र र मौसम मापन केन्द्रहरु, स्वास्थ्य आपत्कालीन कार्य संञ्चालन केन्द्र र भूकम्प मापन तथा अनुगमन केन्द्रहरुलाई प्रादेशिक आपत्कालीन कार्य सञ्चालन केन्द्रसंग जोडने | जल तथा मौसम अनुगमन केन्द्रहरुबाट उपलब्ध जल तथा मौसमका जानकारीहरु, स्वास्थ्य महामारीबारे पूर्व जानकारी र भूकम्पको जानकारी प्रादेशिक आपत्कालीन | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र, सामाजिक विकास मन्त्रालय |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | | कार्य सञ्चालन केन्द्रमा आएको हुने | | | |
| ३ | विकास साझेदार संस्थाहरुद्वारा स्थापना गरिएका जलमापन तथा मौसमी केन्द्रहरुलाई तिनीहरुको औचित्यको आधारमा स्थानिय सरकार, प्रदेश सरकार वा जल तथा मौसम विज्ञान विभाग द्वारा स्वामित्वमा लिने | विकास साझेदार संस्थाहरुद्वारा स्थापना गरिएका केन्द्रहरुको दिगो व्यवस्थापन हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय सरकार, जल तथा मौसम विज्ञान विभाग |
| ४ | जलमापन तथा मौसमी केन्द्रहरुको अवस्था बारे निरन्तर मूल्याङ्कन गर्ने र आवश्यक अध्ययनको आधारमा मानव सञ्चालित केन्द्रहरुलाई स्वचालित केन्द्रको रुपमा स्तरोन्नति गर्ने | जलमापन तथा मौसमी केन्द्रहरुको अवस्था बारे जानकारी हुने, जसले स्तरोन्नतीमा समेत सहयोग गर्ने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग |
| ५ | पहिरोको जोखिम रहेका पहाडी भूभागमा पहिरो अनुगमन केन्द्र स्थापना गरी आवश्यक उपकरणहरु जडान गर्ने | पहिरोको पूर्वसूचना प्रादेशिक बहुप्रकोप पूर्वसूचना प्रणालीमा प्राप्त हुने | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विज्ञान विभाग |
| ६ | प्रदेशको आवश्यक स्थानमा चट्याङ तथा मेघगर्जनको अनुगमन केन्द्रहरु स्थापना गर्ने | चट्याङ तथा मेघगर्जनको पूर्वसूचना प्रादेशिक बहुप्रकोप पूर्वसूचना प्रणालीमा प्राप्त | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | | हुने | | | |
| ७ | सबै प्रकोप अनुगमन केन्द्रहरुमा प्रकोप अनुसारको विशिष्टीकृत अनुगमन र प्रसारका लागि विशिष्टीकृत उपकरणहरु जडान गर्ने र अनुगमनकर्तालाई आवश्यक तालिम दिने | पूर्वसूचना छिटो र छरितो तवरले राष्ट्रिय, प्रदेशिक तथा जिल्ला आपत्कालीन केन्द्र र सम्बन्धित सबैको पहुँचमा पुगेको हुने | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सम्बन्धित प्रकोपसंग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरु |
| ८ | जिल्ला तथा स्थानीय आपत्कालीन  कार्य संञ्चालन केन्द्रको स्थापना तथा सबलीकरण गर्ने र सो गर्न सहयोग गर्ने | बहुप्रकोप पूर्वसूचना समयमै प्रभावकारी ढङ्गले समुदायमा प्रवाहका लागि प्रदेशभित्रका प्रत्येक जिल्ला तथा पालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना तथा सञ्चालन भएको हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय तह |
| ९ | प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरु बिच विपदको पुर्वसुचना सम्बन्धमा एकआपसमा समन्वय र सहकार्य बढाउने | आपत्कालीन कार्य सञ्चालन केन्द्रहरु बीच बिपद् पूर्वसूचनाको प्रभावकारी आदान प्रदान हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला, तथा स्थानिय आपतकालिन कार्य सञ्चालन केन्द्र, बिकास साझेदार संस्थाहरु |
| १० | सबै प्रकोप अनुगमन केन्द्रका तथ्याङ्कहरु प्रादेशिक आपत्कालीन | सबै प्रकोप अनुगमन केन्द्रका खबरहरु प्रादेशिक | निरन्तर | आन्तरिक मामिला तथा कानून | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भू-गर्भ विभाग, प्रदेश |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | कार्य संञ्चालन केन्द्रमा प्राप्त हुने व्यवस्था गर्ने | आपत्‌कालीन कार्य संञ्चालन केन्द्रमा एकीकृत भएको हुने | | मन्त्रालय | मन्त्रालयहरु, स्थानिय तहहरु । |
| ११ | प्रदेश, जिल्ला तथा स्थानीय आपत्‌कालीन कार्य सञ्चालन केन्द्रहरुमा कम्प्युटरको हार्डवेयर तथा सफ्‌टवेयरको साथै आवश्यक उपकरणहरु जडान गर्ने र सञ्चालक तथा अनुगमन कर्ताहरुलाई आवश्यक क्षमता अभिवृद्धि गराउने | आपत्‌कालीन कार्य सञ्चालन केन्द्रहरुमा न्यूनतम उपकरण भएको हुने, उपकरणहरु ब्यबस्थित हुने र सम्बन्धित व्यक्तिहरु सक्षम भई बिना अवरोध सूचना प्रबाह भएको हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह । |
| १२ | वर्षाबाट बाढी तथा पहिरो, आगलागी, खडेरी, तथा महामारी पूर्वानुमान, आदिको लागि उपयुक्त कम्प्युटर सफ्‌टवेयरको विकास वा खरीद गरी कम्प्युटर मोडेलबाट पुर्वानुमान गर्ने | जिल्ला तथा स्थानीय तह र संकटासन्न समुदाय तथा व्यक्तिलाई प्रादेशिक आपत्‌कालीन कार्यसञ्चालन केन्द्रबाट सबै खाले प्रकोपको पुर्वानुमान र पूर्वसूचना छिटो, छरितो, प्रभावकारी र भरपर्दो तवरले प्राप्त हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भू-गर्भ विभाग, नेपाल सरकारका सम्बन्धित निकायहरु, अनुसन्धान केन्द्रहरु, विषय विशेषज्ञहरु |
| १३ | आवश्यकता अध्ययनको आधारमा जलमापन तथा मौसमी केन्द्रहरुको घनत्व बढाउने | जलमापन तथा मौसमी केन्द्रहरु पर्याप्त हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, बिकास साझेदारहरु |

### २.५.३. पूर्वसूचना सञ्चार तथा प्रसार

***रणनीतिक उद्देश्य:*** सम्भावित विपद्को पूर्वसूचना सम्बन्धित निकायहरु, संकटासन्न समुदायहरु तथा व्यक्तिहरुमा सरल ढङ्गले समयमै पुऱ्याउँने ।

***नतिजा:*** सतर्कता तथा खतरा तहमा पुगेको वा केही समयमा पुग्न लागेको प्रकोपको पूर्वसूचना वा पूर्वानुमान सम्बन्धी जानकारी वा सूचना सम्बन्धित निकाय, समुदाय तथा व्यक्तिले सरल तथा प्रभावकारी ढङ्गले समयमै प्राप्त गर्ने ।

प्रचारप्रसारको मुख्य लक्ष्य सम्भावित प्रकोपको सूचना जोखिममा रहेको व्यक्ति तथा समुदायमा पुऱ्याउनु हो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेशको आधिकारिक निकाय आन्तरिक मामिला तथा कानुन मन्त्रालय अर्न्तगत प्रदेश आपत्कालीन  कार्यसञ्चालन केन्द्रले प्रकोप अनुगमन केन्द्रहरुबाट प्रकोपको पूर्वसूचना प्राप्त गरेपछि सो सूचनालाई यथाशक्य चाँडो उक्त प्रकोपले हानि तथा नोक्सानी पुऱ्याउन सक्ने व्यक्ति र समुदायमा सञ्चारका बहुमाध्यमबाट अथवा धेरैभन्दा धेरै माध्यमबाट एकैसाथ प्रचारप्रसार गर्नु पर्ने हुन्छ । प्रचारप्रसारका माध्यमहरु पहिलो र दोश्रो समूहमा राख्न सकिन्छ । पहिलो समूहका माध्यमहरुमा टेलिफोन, SMS, Voice Message, Internet, Facebook, whatsapp, IVR, Twitter, Radio तथा अन्य विभिन्न बिद्युतीय माध्यमहरुलाई लिन सकिन्छ । यी माध्यमहरुले पूर्वसूचनालाई सिधै व्यक्ति र समुदायमा पुऱ्याउनुको साथै तिनीहरुको नजिक तथा जिम्मेवार निकायमा पुऱ्याउने भूमिका खेल्दछ । सम्बन्धित व्यक्ति वा समुदायको नजिक तथा जिम्मेवार निकायकोमा पूर्वसूचना पुगेपछि, तिनीहरुले जोखिममा रहेका व्यक्ति तथा समुदायमा पुऱ्याउने कार्य गर्दछन । दोश्रो समूहको प्रचारप्रसारको माध्यम भनेको समुदायस्तरमा गरिने प्रचारप्रसारका माध्यमहरु हुन् । यो तहका प्रचारप्रसारका माध्यम तथा गतिविधिहरुमा स्थानीय स्तरमा उपलब्ध तथा उपयुक्त माध्यमहरुको प्रयोग हुन्छ, जस्तै हाते साइरन, हाते माईक, सिटी तथा भाँडाहरु बजाउने, टेलिफोन आदि । यो तहमा प्रचारप्रसार प्राय भौतिक हुन्छन् र सम्बन्धित अति संकटासन्न अवस्थामा भएका व्यक्तिहरुलाई भौतिक रुपमै गएर उनीहरुले बुझ्ने भाषा र संकेतमा खबर दिने कार्य गरिन्छ । प्रचारप्रसार जति छिटो र छरितो भयो उति नै बढी संकटासन्न व्यक्ति र समुदायमा पूर्वसूचना छिटो पुग्दछन र उनीहरुले हानि–नोक्सानी कम गर्नका लागि पूर्वतयारी र अन्य प्रतिकार्यका काम गर्न समय पाउँछन् । यस रणनीतिक उद्देश्य प्राप्तीका लागि निम्न गतिविधिहरु कार्यान्वयन गरिनेछ ।

तालिका ३. पूर्वसूचना सञ्चार तथा प्रचार सम्बन्धी रणनीतिक गतिविधि

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| १ | प्रादेशिक आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई छिटो, छरितो, प्रभावकारी र भरपर्दो तवरले सबै खाले प्रकोपको सूचना प्रवाहका लागि आवश्यक उपकरणहरु (TV, Computer, Internet, Display Monitor/ Board आदि) जडान गर्ने | प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्रबाट छिटो सूचना प्राप्त गर्ने र प्रवाह भएको हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | बिकास साझेदारहरु |
| २ | प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्रलाई Radio, TV, Telephone, Internet सेवा आदि सञ्चार क्षेत्र, स्वास्थ्य, विद्युत, खाद्यान्न लगायतका अत्यावश्यक क्षेत्र सँग आवद्ध गराउने | संकटासन्न समूदाय तथा व्यक्तिले विभिन्न प्रसारको माध्यमबाट बहुप्रकोप पूर्वसूचना र आपत्कालिन सहयोग समयमै प्राप्त गर्ने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विद्युतीय सञ्चारमा आवद्ध सञ्चार निकाय तथा अन्य सेवा प्रदायकहरु |
| ३ | विपद्को बेलामा संचारको लागि प्रादेशिक, जिल्ला तथा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुमा वैकल्पिक सञ्चार पद्धति जस्तै HF, VHF सेटहरु को व्यवस्था गर्ने | विपद्को बेला अन्य सञ्चार पद्धतिको बिच्छेद भएको अवस्थामा सञ्चार निरन्तर कायम रहने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गृहमन्त्रालय, राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा ब्यबस्थापन प्राधिकरण, जिल्ला सुरक्षा समिति,स्थानिय सरकार, बिकास साझेदारहरु |
| ४ | माथिल्लो तथा तल्लो तटीय क्षेत्र बीच सूचना आदान प्रदानको लागि अवलोकनकर्ता र | माथिल्लो तथा तल्लो तटीय क्षेत्र बीच सूचना आदान प्रदान | मध्यकालीन | आन्तरिक मामिला तथा कानून | जल तथा मौसम विज्ञान विभाग, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, बिकास |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | समुदायहरु बीचको सञ्जाललाई भरपर्दो बनाउने | प्रभावकारी हुने | | मन्त्रालय | साझेदार संस्थाहरु, DHM, समुदायहरु |
| ५ | पूर्वसूचना प्रवाहका लागि प्रदेश सरकारको तोकिएको वेवसाईट निर्माण गर्ने र प्रदेश विशेषको विपद् तथा पूर्वसूचनाका जानकारीहरु जनमानसमा ल्याउने | अनुगमन केन्द्रबाट प्राप्त पहिलो चरणको बहुप्रकोप पूर्वसूचना प्रदेश सरकारले छिटो र छरितो प्राप्त गर्ने र प्रसार गर्ने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | वेबसाइट निर्माण सेवा प्रदायक, टेलिफोन सेवा प्रदायक (NTC, Ncell) |
| ६ | विभिन्न समुदाय तथा फरक क्षमताका व्यक्तिका लागि विभिन्न भाषा तथा सांकेतिक भाषामा विभिन्न प्रकोपको प्रभाव सहितको पूर्व सूचनाका सामग्रीहरु ध्वनी तथा दृष्यमा बनाई प्रयोगमा ल्याउने | विभिन्न समुदाय तथा लक्षित वर्गले आफूले बुझ्ने भाषा तथा संकेतमा बहुप्रकोप पूर्वसूचना प्राप्त गरेको हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विषयगत विशेषज्ञ संस्थाहरु, स्थानीय सामाजिक संस्थाहरु |
| ७ | छिमेकी देश, खासगरी भारतसंग सिमापार पूर्वसूचना आदान प्रदानको लागि उपयुक्त व्यवस्था गर्ने | छिमेकी राष्ट्रबाट परस्पर विपद् न्यूनीकरणको लागि प्रदेश सरकारले पूर्वसूचना प्राप्त गर्ने र सिमापार विपद्बाट हुने हानि तथा नोक्सानी कम हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारका सम्बन्धित निकायहरु |
| ८ | प्रदेश सरकारले ऋतु अनुसारको मौसम पूर्वानुमान बुलेटिन तथा सोहि बमोजिम विभिन्न वर्गलाई लक्षित गरी | कृषक, निर्माण, ब्यापार तथा ढुवानी व्यवसाय, तथा अन्य सबै वर्गका | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | परामर्श सन्देशहरु तयार गरी प्रचार प्रसार गर्ने | जनमानसले ऋतु अनुसारको परामर्श प्रयोग गरी विपद्‌बाट हुने हानी तथा नोक्सानी कम हुने | | | |
| ९ | प्रदेश भित्रका सबै निकायका विपद् सम्पर्क व्यक्तिहरुलाई प्रादेशिक आपत्‌कालीन कार्य सञ्चालन केन्द्रसँग जोड्ने (जस्तै WhatsApp Group बनाउँने) | प्रदेश भित्रका सबै निकायका विपद् सम्पर्क व्यक्तिहरुले प्रादेशिक आपत्‌कालीन कार्य सञ्चालन केन्द्रबाट नियमित सूचनाहरु प्राप्त गर्ने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, बिकास साझेदार संस्थाहरु |

## २.५.४. प्रतिकार्य क्षमता

***रणनीतिक उद्देश्य:*** विभिन्न प्रकोपबाट कुनै पनि समयमा विभिन्न भौगोलिक क्षेत्र, स्थान, समय र समुदायमा हुन सक्ने सम्भावित मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, प्राकृतिक आदि सम्पदाहरुमा हुन सक्ने हानि तथा नोक्सानी अर्थात जोखिमबारे सम्बधित समुदाय र सरोकारवालाहरुले समयमै पूर्वसूचना पाएपछि पूर्वतयारी, खोज तथा उद्धार, प्रतिकार्य र पुनर्निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित समुदाय र सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

***नतिजा:*** सम्बन्धित सरोकारवाला, समुदाय र व्यक्तिले बहुप्रकोप पूर्वसूचनाबाट आफू र आफ्नो सम्पत्तिको रक्षा गर्नसक्ने छन् ।

जोखिममा रहेका व्यक्ति र समुदायले विपद्‌को पूर्वसूचना प्राप्त गरेपछि मानवीय तथा भौतिक सम्पत्तिको क्षति हुन नदिनका लागि पूर्वानुमानमा आधारित पूर्वकार्यहरु (Forecast based Actions), पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरु गर्न र ती गतिविधिमा सहयोग गर्ने सरोकारवालाहरु र सम्बद्ध निकायहरुमा विशेष/आवश्यक क्षमताको आवश्यकता पर्दछ । क्षमताका तीन कारक तत्वहरु– योजना तथा कार्यक्रम, सिप तथा ज्ञान र श्रोत तथा साधन (आर्थिक श्रोत) व्यक्ति, समुदाय र सरोकारवालाहरुसंग हुनु आवश्यक छ । यसका लागि पूर्वकार्य कार्यविधी (Early Action Protocol) तयार गरि लागु गर्नु पर्दछ । बाढीको लागि पूर्वकार्य कार्यविधी (Early Action Protocol) को नमूना अनुसूची ३ मा दिईएको छ । जति मजबुत स्तरमा

प्रतिकार्य क्षमताका कार्यहरु भएका वा गरिएका छन्, त्यति नै हानि र नोक्सानी कम गराउँन सकिन्छ । प्रतिकार्य क्षमता अभिवृद्धिका लागि निम्न रणनीतिक गतिविधिहरु गरिने छन् ।

तालिका ४. प्रतिकार्य क्षमता सम्बन्धी रणनीतिक गतिविधि

| **क्र. सं.** | **रणनीतिक गतिविधि** | **अपेक्षित नतिजा र सफलताको सूचक** | **समय** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय र कार्यान्वयन माध्यम** |
|---|---|---|---|---|---|
| १ | बहुप्रकोप पूर्वसूचना प्रणालीबारे र यसको सञ्चालन तथा व्यवस्थापनको लागि कार्य सञ्चालन कार्यविधि (Standard Operating Procedure) तयार गरी लागु गर्ने | कार्यविधि लागु भई बहुप्रकोप पूर्वसूचना प्रणाली प्रभावकारी ढङ्गले सञ्चालन हुने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | परामर्श दाता तथा सल्लाहकार, बिकास साझेदार संस्थाहरु |
| २ | बहुप्रकोप पूर्वसूचना प्रणालीमा आधारित पूर्वतयारीलाई सबै विकासका कार्यहरुमा मूलप्रवाहीकरण गर्न निर्देशिका बनाई लागू गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणाली विकासको अभिन्न अंङ्ग भई वित्तीय तथा मानवीय श्रोत साधनको सन्दर्भमा दिगो हुने | मध्यकालीन | प्रदेश नीति तथा योजना आयोग | नेपाल सरकारका सम्बन्धित निकायहरु, प्रदेशका सबै मन्त्रालयहरु जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |
| ३ | प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा बहुप्रकोप पूर्वसूचना प्रणालीमा आधारित पूर्वकार्य कार्यविधी (Early Action Protocol) सहितको विपद् जोखिम न्यूनीकरण कार्ययोजना तयार गरि लागु गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणाली प्रदेश, जिल्ला र स्थानीय स्तरको विपद् जोखिम न्यूनिकरण कार्ययोजनामा एकिकृत भई दिगो हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, बिकास साझेदार तथा निजी क्षेत्र |
| ४ | बजेट प्रणालीमा विपद् | बहुप्रकोप पूर्वसूचना | मध्यकालीन | आर्थिक | प्रदेश निति |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण र बहुप्रकोप पूर्वसूचना प्रणालीको लागि शीर्षक छुट्याउने | प्रणाली विपद् व्यवस्थापनको अभिन्न अंग हुने र त्यसको सञ्चालनका लागि आर्थिक श्रोत परिचालित हुने | | मामिला मन्त्रालय | आयोग, स्थानीय तह |
| ५ | सबै सरोकारवालाहरु - जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्थानीय तह, समुदाय, नेपाल रेडक्रस, टेलिकम कम्पनी, निजी तथा बिकास साझेदार, आदि) लाई बहुप्रकोप पूर्वसूचना प्रणाली बारे बुझाउने । | सबै सरोकारवालाहरुले बहुप्रकोप पूर्वसूचना तथा पूर्वचेतावनी प्रणालीमा आआफ्नो भूमिका प्रभावकारी ढङ्गले निर्बाह गरेको हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद्् व्यवस्थापन समिति, स्थानीय तह, रेडक्रस, बिकास साझेदार, |
| ६ | अति संकटासन्न समुदाय वा व्यक्तिलाई आवश्यक सामग्री तथा सीप प्रदान गरी विपद् सामना क्षमताको विकास गर्ने | अति संकटासन्न समूदाय वा व्यक्तिले उपलब्ध सीप र साधन प्रयोग गरी जन धनको क्षती न्यूनीकरण गर्न सक्ने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद्् व्यवस्थापन समिति, स्थानीय तह |
| ७ | अति संकटासन्न नदि किनार वा पहिरोको जोखिम क्षेत्रमा बाढी, पहिरो तथा प्रकोप नियन्त्रण संरचनाहरु निर्माण गर्ने | बाढी पहिरोको सम्भावित क्षतिबाट हुनसक्ने जनधनको क्षती न्यूनीकरण हुने | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय तह |
| ८ | बिकास साझेदार तथा | मजबुत श्रोतको | निरन्तर | आन्तरिक | बिकास साझेदार |

| क्र.सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | तिनको श्रोत, साधनलाई बहुप्रकोप पूर्वसूचना प्रणालीको सुदृढिकरण र व्यवस्थापनमा परिचालन गर्ने । | परिचालनका कारण बहुप्रकोप पूर्वसूचना प्रणाली प्रभावकारी, व्यवस्थित तथा दिगो हुने | | मामिला तथा कानून मन्त्रालय | |
| ९ | सुरक्षित स्थान पहिचान गरी सो स्थानमा जाने निकास बाटोको सुधार गरी सङ्कटासन्न समूहको आवश्यकतालाई दृष्टिगत गरी सुरक्षित आपत्कालीन आश्रय स्थलहरु निर्माण गर्ने | आपत्कालीन समयमा जोखिम क्षेत्रमा बसोबास गरेका व्यक्ति तथा समुदाय विपद्बाट सुरक्षित हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, गैरसरकारी तथा निजी क्षेत्र |
| १० | कार्यविधि बनाई बहुप्रकोप पूर्वसूचना प्रणालीलाई पनि समाहित गरी प्रदेश स्तरको विपद् व्यवस्थापन कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणालीमा आर्थिक श्रोत परिचालित हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारका सम्बधित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, गैरसरकारी तथा निजी क्षेत्र |
| ११ | हाल बिद्यमान प्रदेश तथा जिल्लाका विपद् व्यवस्थापन कोष बहुप्रकोप पूर्वसूचना प्रणालीमा पनि उपयोग गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणाली विपद् व्यवस्थापनको अभिन्न अंग हुने र त्यसको संचालनका लागि आर्थिक श्रोत परिचालित हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |
| १२ | अति जोखिम क्षेत्रमा रहेका व्यक्ति तथा उनीहरुको भौतिक | विपद् पश्चात प्रभावितहरुले पुनर्स्थापना र | निरन्तर | आन्तरिक मामिला तथा कानून | नेपाल सरकारका सम्बन्धित निकायहरु,स्थानीय |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | सम्पत्ति, अन्न बाली र पशुधनको बिमा गर्ने | पुनर्निर्माण गर्नमा सहज हुने | | मन्त्रालय, भुमी ब्यबस्था, कषि तथा सहकारी मन्त्रालय | तह, नेपाल बिमा प्राधिकरण तथा बीमा कम्पनीहरु, बिकास साझेदारहरु |
| १३ | प्रदेश, जिल्ला, स्थानीय स्तर र समुदायमा रहेका विभिन्न जिम्मेवारी भएका व्यक्तिहरुलाई बहुप्रकोप पूर्वसूचना प्रणालीमा आधारित विपद् पूर्वतयारीका लागि आवश्यक क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणाली बारे बुझाइ भई यसको सञ्चालन र प्रतिकार्य क्षमता बारे सबैमा जानकारी हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारका सम्बन्धित निकायहरु, जल तथा मौसम विज्ञान विभाग, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, बिकास साझेदारहरु |
| १४ | सडक संजाल भएको पालिकाहरुमा पूर्वतयारीको लागि पालिकाहरुको साझेदारीमा वारुणयन्त्र राख्ने,<br><br>सडक सञ्जाल नभएको पालिकाहरुमा बस्ती तहमा आगो निभाउने यन्त्र र टोलटोलमा पानी टंकी र पाइपको व्यवस्था गरी आगलागीको लागि पूर्वतयारी अवस्थामा रहने । | आगलागीबाट हुने हानि तथा नोक्सानी कम हुने, आगलागीका लागि पूर्वतयारी भएको अवस्था हुने | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय तह, तथा रेडक्रस |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| १५ | आपत्कालीन कार्य सञ्चालन केन्द्र २४ सै घण्टा सञ्चालनको लागि स्थायी रुपमा कर्मचारीलाई जिम्मेवारी दिने | आपत्कालीन कार्य सञ्चालन केन्द्र २४ सै घण्टा सुचारु रुपमा सञ्चालन भएको हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय तह |
| १६ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्वयमसेवक दस्ता निर्माण तथा परिचालन निर्देशिका बमोजिम स्थानीयस्तरमा स्वयंसेवक कार्यदल गठन तथा परिचालन गर्ने | स्वयंसेवीहरुको उपस्थितिले पूर्वसूचना समयमै लक्षित बर्गमा पुगी सम्भावित हानि तथा नोक्सानी कम हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार संस्थाहरु |
| १७ | पुर्वसूचनाको प्रचारप्रसार, खोज तथा उद्धार, र प्रारम्भिक राहतका लागि आवश्यक र उपयुक्त सामग्री यथेष्ठ मात्रामा प्रदेश, जिल्ला, स्थानीय तह तथा समुदाय तहमा व्यवस्था गर्ने | आवश्यक श्रोत साधनको प्रयोगबाट पूर्वसूचना प्रणाली प्रभावकारी हुने | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु |
| १८ | सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सेवालाई विपद्को बेला र विपद् पश्चात निरन्तरता कायम गर्न सम्बन्धित निकायहरुको सेवा निरन्तरता योजना (Business | विपद्को बेलामा र विपद् पश्चात प्रभाबित समुदायले सरल आवश्यक सेवा प्राप्त गरी जनजीवन सरल सुचारु हुने | मध्यकालीन | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | Continuity Plan) बनाई लागु गर्न लगाउने | | | | साझेदार संस्थाहरु |
| १९ | सबै प्रकोपको लागि पूर्वसूचना प्रणालीमा आधारित पूर्वतयारीको नियमित अनिवार्य पूर्वाअभ्यास गर्ने, जल तथा मौसम जन्य प्रकोपको लागि मनसुन पूर्व र हिउदपूर्व गरी बर्षको २ पटक पूर्वाअभ्यास गर्ने, अन्य प्रकोप जस्तै भूकम्पको लागि वर्षमा कम्तीमा एक पटक पूर्वाअभ्यास गर्ने | मनसुन पूर्व बाढी र पहिरो, मनसुन पश्चात हिउँद अगाडि शीतलहर र हिउँद पश्चात् प्रिमनसुनको सुरुवातमा आगलागीको लागि, र अन्य गैर मौसमी प्रकोप जस्तै भूकम्पको लागि वर्षमा कम्तीमा एक पटक पूर्व अभ्यास गरी प्रणालीलाई अद्यावधिक राखिएको हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु |
| २० | स्थानीय तहमा पूर्व तयारी तथा प्रतिकार्यका तालिमहरु सञ्चालन गर्ने | स्थानीय तहमा सिप र ज्ञानको प्रयोगबाट पूर्वसूचना प्रणाली प्रभावकारी बन्ने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २१ | विद्यालयमा अध्ययनरत बालबालिकाहरुको | विद्यालयमा अध्ययनरत | मध्यकालीन | सामाजिक विकास | आन्तरिक मामिला तथा कानून |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | बहुप्रकोप प्रतिकार्यको लागि क्षमता विकास गर्ने | बालबालिकाहरुको बहुप्रकोप विपद् प्रतिकार्य क्षमता विकास हुने | | मन्त्रालय | मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २२ | विद्यालयका शिक्षक तथा विद्यार्थी सहितको स्वयमसेवक टोली गठन गरी क्षमता अभिबृद्धि र परिचालन गर्ने | विद्यालयका शिक्षक तथा विद्यार्थी सहितको स्वयमसेवक टोली परिचालित हुने | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुरक्षा निकायहरु, स्थानीय तह, विकास साझेदार संस्थाहरु तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २३ | आवश्यकताका आधारमा राहत तथा सहयोग सामग्रीहरु वितरण गर्ने | आवश्यकताका आधारमा राहत तथा सहयोग सामग्रीहरु वितरण हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकार, प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |

### २.५.५. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र कार्यान्वयनका लागि आवश्यक वातावरण

***रणनीतिक उद्देश्यः*** बहुप्रकोप पूर्वसूचना प्रणालीलाई प्रभावकारी र नतिजामूलक बनाउन प्रादेशिक नीति, नियम, कार्ययोजना तथा सांगठनिक संरचनाको विकास तथा सुधार गर्ने ।

***नतिजाः*** सरकारी, निजी तथा गैरसरकारी संघसंस्थाको अर्थपूर्ण सक्रिय सहभागिता मार्फत बहुप्रकोप पूर्वसूचना प्रणाली सञ्चालनमा सुशासन कायम हुने ।

बहुप्रकोप पूर्वसूचना प्रणालीलाई प्रभावकारी र नतिजामूलक बनाउन प्रभावकारी शासकीय व्यवस्था र सम्बन्धित सबैको सहभागिता हुनु आवश्यक छ । यसका लागि प्रदेशको नीति, नियम, कार्ययोजना तथा सांगठनिक संरचनाको निर्माण र विकास गरी सबैको सहभागिता सुनिश्चित गर्न प्रदेश सरकारले अनुकूल वातावरणको सृजना गर्नेछ । बहुप्रकोप पूर्वसूचना प्रणालीको लागि बनाइएका सांगठनिक संरचनामा सम्बन्धित सबैले प्रतिनिधित्व गर्न सक्ने प्रावधान हुनेछ । निर्माण गरिने नीति, नियम, कार्ययोजना तथा कार्यक्रमहरु सहभागितामूलक पद्धतिबाट बनाइनेछ । एक अर्काको भूमिकालाई पहिचान र सम्मान गर्ने, आफ्ना कुरा राख्ने र अर्काका कुरा राख्नका लागि प्रोत्साहित गर्ने, विविधताको पहिचान हुने, गोपनीयता कायम हुने, एकापसमा हानि हुने काम तथा बोली व्यवहार नगर्ने, यस कार्यमा संलग्न भए बापत आफू र अरु सबैलाई लाभ भएको प्रत्याभूत हुने, परस्पर सम्मानको वातावरण, सुशासनका वातावरणको निर्माण गर्ने प्रावधानहरु नीति, नियम तथा कार्यक्रमहरुले अंगाल्नेछन् । बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र कार्यान्वयन गर्न आवश्यक वातावरण सृजना गर्नका लागि निम्न गतिविधिहरु सञ्चालन गरिने छ ।

तालिका ५. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र कार्यान्वयनका लागि आवश्यक रणनीतिक गतिविधि

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित बहुप्रकोप पूर्वसूचना प्रणाली स्थापना, सञ्चालन र विकासका लागि मार्गदर्शन (Guidelines) तयार गर्ने | समुदायमा आधारित बहुप्रकोप पूर्वसूचना प्रणाली स्थापना, सञ्चालन र विकास हुने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २ | बहुप्रकोप पूर्वसूचना प्रणालीमा आधारित पूर्वकार्य कार्यविधी (Early Action | बहुप्रकोप पूर्वसूचना प्रणालीमा आधारित पूर्वकार्यहरु मार्फत विपद्बाट हुने हानी | अल्पकालीन | आन्तरिक मामिला तथा कानून | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | Protocol) तयार गरी लागु गर्ने | नोक्सानी कम हुने | | मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्थाहरु तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ३ | बहुप्रकोप पूर्वसूचना प्रणालीका लागि आवश्यक सांगठनिक ढाँचा बनाउने र सोका लागि सरकारी, गैरसरकारी, समुदाय तथा निजी क्षेत्रको सहभागीताको सुनिश्चिता गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र सञ्चालनमा बहुसरोकारवालाहरुको सहभागिता हुने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ४ | संचार सेवा प्रदायक संस्था, नेपाल टेलिकम, एनसेल, रेडियो सेवा दिने संस्थाहरु, खासगरी स्थानीय एफ एम रेडियो, स्थानीय पत्रपत्रिकाहरु लगायत अरुलाई विपद् पूर्वसूचनाको प्रचार प्रसारमा प्रोत्साहन गर्ने | संचार सञ्जाल, रेडियो, टिभी, पत्रपत्रिकाहरुको प्रयोगबाट बहुप्रकोप पूर्वसूचना प्रणालीको सञ्चालन सरल र प्रभावकारी हुने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | संचार सेवा प्रदायक संस्था, नेपाल टेलिकम, Ncell, स्थानीय एफ. एम. रेडियो, टिभी, स्थानीय पत्रपत्रिकाहरु आदि |
| **५** | प्रदेश र स्थानीय सरकारको आवधिक तथा वार्षिक योजना तथा कार्यक्रममा बहुप्रकोप पूर्वसूचना प्रणाली स्थापना र सञ्चालनलाई समावेश गर्ने | बहुप्रकोप पूर्वसूचना प्रणाली स्थापना र सञ्चालनका लागि आर्थिक श्रोत उपलब्ध हुने | अल्पकालीन | आर्थिक मामिला मन्त्रालय | प्रदेश सकारका निकायहरु, स्थानीय तह |
| ६ | बहुप्रकोप जोखिम संवेदनशील भूउपयोग योजनाहरूको तयारी गर्ने र सार्वजनिक रूपमा | बहुप्रकोप जोखिम संवेदनशील भूउपयोग योजनाहरू उपलब्ध हुने | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय, | अनुसन्धान केन्द्रहरु, विज्ञ समूह, परामर्श दाताहरु, बिकास साझेदारहरु |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | उपलब्ध गराउने | | | स्थानिय तह | |
| ७ | स्थानीय पूर्वसूचना प्रणालीको सञ्चालन, मर्मत संभार, स्तरोन्नति गर्न आवश्यक स्रोत साधनको सुनिश्चिता गर्ने | स्थानीय पूर्वसूचना प्रणालीको सञ्चालन, मर्मत संभार, स्तरोन्नति गर्न आवश्यक स्रोत सुनिश्चित हुने | निरन्तर | आर्थिक मामिला मन्त्रालय | स्थानीय तह |
| ८ | प्रदेश र स्थानीय तहमा पूर्वसूचना प्रणालीको अनुगमन, मूल्याङ्कन तथा सिकाईका लागि संयन्त्र, योजना र कार्यविधि तयार गरि लागु गर्ने | पूर्वसूचना प्रणालीको अनुगमन, मूल्याङ्कन तथा सिकाईका लागि संयन्त्र, योजना र कार्यविधि उपलब्ध हुने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह, जल तथा मौसम विज्ञान विभाग |
| ९ | बहुप्रकोप पूर्वसूचना प्रणालीको थप प्रभावकारीता र अतिरिक्त लाभका लागि एक आपसमा सञ्जालीकरण गरी एकीकृत गर्ने । | पूर्वसूचना प्रणालीहरुको सञ्जाल तयार हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा ब्यबस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित निकायहरु, स्थानीय सरकार, रेडक्रस |

### २.५.६. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र कार्यान्वयनका लागि क्षमता विकास

***रणनीतिक उद्देश्य:*** बहुप्रकोप पूर्वसूचना प्रणालीलाई प्रभावकारी र नतिजामूलक बनाउन सरकारी निकाय, निजी क्षेत्र, बिकास साझेदार तथा समुदायको क्षमता विकास गर्ने ।

***नतिजा:*** सरकारी निकाय, निजी क्षेत्र, बिकास साझेदार तथा समुदायको क्षमता विकास मार्फत बहुप्रकोप पूर्वसूचना प्रणालीको सञ्चालन अर्थपूर्ण र प्रभावकारी हुने ।

बहुप्रकोप पूर्वसूचना प्रणालीलाई प्रभावकारी र नतिजामूलक बनाउन सबै तह तथा क्षेत्रको क्षमता विकास हुनु आवश्यक छ । यसका लागि उपकरणको व्यवस्था, अभिमुखीकरण, ज्ञान प्रदान, सीप विकास र व्यवहार परिवर्तन मार्फत क्षमता अभिवृद्धि गर्न सकिन्छ । जनचेतना र शैक्षिक कार्यक्रमले पनि क्षमता अभिवृद्धिमा

सहयोग पुऱ्याउँछ । क्षमता विकास रणनीतिमा सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता आँकलन, प्रकोप अनुगमन तथा पूर्वानुमान केन्द्रको अध्ययन भ्रमण, प्रसारण तथा सञ्चार उपकरणको व्यवस्था, आधारभूत खोज तथा उद्धार उपकरणको व्यवस्था, राहत सामग्रीको व्यवस्था, पूर्वसूचना सञ्चार तथा प्रसारण सम्बन्धी तालीम, खोज तथा उद्धार सम्बन्धी कृत्रिम अभ्यास, पूर्वसूचना प्रणाली लगायत विपद् पूर्वतयारी र प्रतिकार्यसम्बन्धी तालीम, प्रशिक्षकहरू र सहजकर्ताहरूको समूह निर्माण र हानिनोक्सानीको प्रारम्भिक द्रुत मूल्यांकन प्रणालीको विकास आदि विषय पर्दछन् ।

तालिका ६. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र कार्यान्वयनका लागि क्षमता विकास सम्बन्धी रणनीतिक गतिविधि

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| १ | विद्यालयदेखि विश्वविद्यालय सम्मको पाठ्यक्रममा बहुप्रकोप पूर्वसूचना प्रणाली सम्वन्धी बिषयगत पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापन र अनुसन्धान प्रणालीलाई संस्थागत गर्ने। | बहुप्रकोप पूर्वसूचना प्रणालीको क्षेत्रमा दक्ष जनशक्ति विकास भएको हुनेछ । | अल्पकालिन | सामाजिक विकास मन्त्रालय, विश्वविद्यालयहरू | प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय तह |
| २ | दलित,महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि पूर्वसूचना प्रणाली सम्बन्धी पाठ्यक्रमको विकास गरी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने । | संकटासन्न समुदायहरू र सरोकारवालाहरूको पूर्वसूचना प्रणाली सम्बन्धी बुझाईमा क्षमता विकास भएको हुनेछ | अल्पकालिन | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय तह |
| ३ | पूर्वसूचना प्रणाली सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ संस्था, | पूर्वसूचना प्रणाली सम्बन्धी चेतना अभिबृद्धिमा ब्यापक सहकार्य भएको हुनेछ | अल्पकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय तह, समुदायमा आधारित संघ |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | बिकास साझेदार तथा अन्य सरोकारवालाहरू सँग सहकार्य गर्ने | | | | संस्था, बिकास साझेदार तथा अन्य सरोकारवालाहरू |
| ४ | पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि गर्नु पर्ने पूर्वतयारीका कार्यहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि उपयुक्त कार्यहरु गरीने सुनिश्चित भएको हुनेछ | अल्पकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, जल तथा मौसम विज्ञान विभाग, विकास साझेदार संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ५ | व्यापारी, व्यवसायी र उद्यमीहरूलाई पूर्वसूचना प्रणाली बारे प्रशिक्षण दिई उनीहरूको जवाफदेहिता, सहभागिता र जिम्मेवारीबोध गराउने | निजी क्षेत्र पूर्वसूचना प्रणाली बारे जानकार भई जिम्मेवार भएको हुनेछन । | अल्पकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय सरकार, नेपाल उद्योग वाणिज्य महासंघ |
| ६ | पूर्वसूचना प्रणाली सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत प्रदेश र स्थानीय स्तरको कार्यक्रमको विकास गरी संचालन गर्ने | पूर्वसूचना प्रणाली सम्बन्धी चेतना अभिबृद्धि भएको हुनेछ | अल्पकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| ७ | विपद पुर्वतयारी तथा पूर्वसूचना प्रणाली सम्बन्धमा विद्यमान प्रशिक्षण केन्द्रहरूका क्षमता सुदृढीकरण गर्ने । | विद्यमान प्रशिक्षण केन्द्रहरूका पूर्वसूचना प्रणाली सम्बन्धमा क्षमता सुदृढ भएको हुनेछ | अल्पकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, नेपाल सरकार, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, प्रशिक्षण प्रतिष्ठानहरु |
| ८ | कार्यशाला, गोष्ठी र आम सञ्चार माध्यमहरूद्वारा पूर्वसूचना प्रणालीबारे सचेतना कार्यक्रमहरूको सञ्चालन गर्ने | पूर्वसूचना प्रणालीबारे सचेतना बृद्धि भएको हुनेछ | मध्यकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जल तथा मौसम विज्ञान विभाग, विकास साझेदार संस्थाहरु संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ९ | पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता सम्बन्धमा नियमित परीक्षण तथा अभ्यासहरू सञ्चालन गर्ने | पूर्वसूचना प्रचार प्रसार तथा प्रतिकार्यको प्रभावकारिता परीक्षण भएको हुनेछ | मध्यकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जल तथा मौसम विज्ञान विभाग, विकास साझेदार संस्थाहरु संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | | | | | तथा भातृ संगठनहरु |
| १० | जल तथा मौसम विज्ञान विभाग प्रदेश स्तरिय कार्यालयको मौसम र बाढी पूर्वानुमानका लागि क्षमता अभिबृद्धि गर्ने | बाढी तथा मौसम पूर्वानुमानको अग्रिम समय र विश्वसनियता वृद्धि भएको हुनेछ | दीर्घकालिन | आन्तरिक मामीला तथा कानुन मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, स्थानीय सरकार, विश्व विद्यालयहरु, अनुसन्धान केन्द्रहरु, विकास साझेदार संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, |
| ११ | प्राकृतिक प्रकोपबारे बुझ्न र पूर्वानुमान गर्न भौतिक तथा गणितीय मोडेल (Physical and Mathematical Model) को प्रयोग सम्बन्धी अनुसन्धान कार्य गर्ने | प्रकोप पूर्वानुमान क्षमता बृद्धि भएको हुनेछ | निरन्तर | विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू | नेपाल सरकारका सम्बन्धित निकायहरु, प्रदेश सरकार, स्थानीय सरकार, विकास साझेदार संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| १२ | प्रदेश र स्थानीय तहमा प्रकोप, संकटासन्नता तथा जोखिम आँकलन र व्याख्याको समय समयमा अद्यावधिक गर्ने, जोखिम संवेदनशील भूउपयोग योजना तयारी, विपद् प्रभाव | जोखिम आँकलन र व्याख्या अद्यावधिक गर्ने कार्यमा क्षमता सुदृढ भएको हुनेछ | दीर्घकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जल तथा मौसम विज्ञान विभाग, विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू, स्थानीय |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | मूल्याङ्कन सम्वन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने | | | | तह |
| १३ | पूर्वसूचना प्रणाली र जलवायु परिवर्तन अनुकूलनका सवाल, समस्या र समाधानका उपायहरु सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने | पूर्वसूचना प्रणाली र जलवायु परिवर्तन अनुकूलनका लागि नयाँ प्रविधि तथा प्रणालीको बिकास भएको हुनेछ | दीर्घकालिन | विश्वविद्यालयहरु, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद, | प्रदेश सरकारका सम्बन्धित निकायहरु, जल तथा मौसम विज्ञान विभाग, विषय विज्ञहरु |

### २.५.७. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण

***रणनीतिक उद्देश्यः*** बहुप्रकोप पूर्वसूचना प्रणालीलाई समावेशी बनाउन लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गर्ने ।

***नतिजाः*** लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिता मूलप्रवाहीकरण मार्फत बहुप्रकोप पूर्वसूचना प्रणाली समावेशी हुने ।

पूर्वसूचना प्रणाली विकास र सञ्चालन गर्दा विभिन्न समूहहरुको भाषा, सस्कृति, लिङ्ग, उमेर, अवस्था वा अन्य विशेषताहरु अनुसार विपद् सङ्कटासन्नता फरक फरक हुन्छन्, जसले उनीहरुको विपद् पूर्वतयारी, रोकथाम र प्रतिकार्य क्षमतामा प्रभाव पार्छ भन्ने कुरा ख्याल गर्नुपर्दछ । महिला र पुरुषहरुले अक्सर गरेर समाजमा फरक फरक भूमिका निर्वाह गर्छन् र विपद्को समयमा सूचनामा पहुँच पनि फरक हुन्छ । यसका साथै महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्ग र सामाजिक तथा आर्थिक रुपले पिछडिएकाहरु बढी संकटासन्न हुन्छन् । विपद् जोखिमको जानकारी, संस्थागत व्यवस्था, सञ्चार तथा प्रसारण प्रणाली र प्रतिकार्य क्षमता प्रत्येक संकटासन्न समुदायहरुको आवश्यकतालाई सम्बोधन गर्ने खालको हुनुपर्दछ । महिला, अशक्त, गरीब, कमजोर र सीमान्तकृत व्यक्तिहरूको पूर्वसूचना सेवाहरूको पहुँच र प्रयोगमा देखापर्ने कठिनाईहरु फरक फरक हुन्छन् । पूर्वसूचना सेवाहरूको उपलब्धता, पहुँच र प्रयोगमा लिंग, अशक्तता, आर्थिक अवस्था, जातीयता, धर्म र स्थानका अवस्थिती प्रभाव र लक्षित समूहहरूको अवस्था र प्राथमिकताहरूको ख्याल गर्नुपर्दछ । विभिन्न लक्षित समूहहरूद्वारा पूर्वसूचना प्रणालीको उपलब्धता, पहुँच र प्रयोगलाई बढावा दिन आवश्यक फरक फरक रणनीतिक क्रियाकलापहरु तय गर्नुपर्दछ । शक्तिहीन र आवाजविहीन समूहहरूलाई

प्रमुख कर्ताको रूपमा स्थान दिएको सुनिश्चित गर्न र उनीहरूको अधिकारको संरक्षण र संवर्द्धन गर्न मानव अधिकारमा आधारित दृष्टिकोणलाई मूलप्रवाहमा ल्याउँनु पर्छ ।

तालिका ७. बहुप्रकोप पूर्वसूचना प्रणालीमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिता मूलप्रवाहीकरणका लागि रणनीतिक गतिविधि

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन समिति र कार्य दलहरूमा महिला र अन्य सङ्कटासन्न समूहहरूको सहभागिता बढाउँने | विपद् व्यवस्थापन समिति र कार्य दलहरूमा महिला र अन्य सङ्कटासन्न समूहहरूको सहभागिता बढ्ने | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार |
| २ | विपद्को समयमा हुन सक्ने लैङ्गिक हिंसा र मानव तस्करीका घटनाको अनुगमन, रोकथाम र सम्बोधन गर्ने | लैङ्गिक हिंसा र मानव तस्करीको घटनाहरु कम हुने | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार संस्थाहरु, निजी क्षेत्र, रेडक्रस अभियानका अंगहरु, नागरिक समाज |
| ३ | यौन, प्रजनन स्वास्थ्य र परिवार नियोजन सेवाहरुमा विशेष गरि गर्भवती र स्तनपान गराउने महिलाहरुको पहुँच सुनिश्चित गर्ने | यौन, प्रजनन स्वास्थ्य र परिवार नियोजन सेवाहरुमा विशेष गरि गर्भवती र स्तनपान गराउने महिलाहरुको पहुँच सुनिश्चितता भएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय | संघिय तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरु, स्थानीय तह, विकास साझेदार संस्थाहरु, रेडक्रस अभियानका अंगहरु |
| ४ | सुरक्षित आश्रयस्थलहरुमा महिला र किशोरीहरुको लैङ्गिक सुरक्षा सुनिश्चित गर्ने | सुरक्षित आश्रयस्थलहरुमा सबै महिला र किशोरीहरुको लैङ्गिक सुरक्षा सुनिश्चित हुने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, नागरिक समाज, निजी क्षेत्र |
| ५ | बृद्धबृद्धा र अपाङ्ग व्यक्तिहरूको लागि हिडडुल, श्रवण र दृश्य | बृद्धबृद्धा र अपाङ्ग व्यक्तिहरूको लागि हिडडुल, श्रवण र दृश्य | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्थाहरु, रेडक्रस अभियानका |

| क्र. सं. | रणनीतिक गतिविधि | अपेक्षित नतिजा र सफलताको सूचक | समय | जिम्मेवार निकाय | सहयोगी निकाय र कार्यान्वयन माध्यम |
|---|---|---|---|---|---|
| | सहयोगी सामानहरुमा पहुँच बढाउने | सहयोगी सामानहरुमा पहुँच बढ्ने | | | अंगहरु, निजी क्षेत्र |
| ६ | महिलाहरुको व्यक्तिगत स्वच्छताका सामग्रीहरुको समन्यायोचित वितरण सुनिश्चित गर्ने | महिलाहरुको व्यक्तिगत स्वच्छताका सामग्रीहरुको समन्यायोचित वितरण सुनिश्चित हुने | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, निजी क्षेत्र |
| ७ | विशेष गरी गर्भवती र स्तनपान गराउने महिलाहरुको लागि पौष्टिक भोजनको व्यवस्था गर्ने | गर्भवती र स्तनपान गराउने महिलाहरुको लागि पौष्टिक भोजनको व्यवस्था हुने | निरन्तर | सामाजिक विकास मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्था, रेडक्रस अभियानका अंगहरु |
| ८ | कमजोर समूहहरू विशेष गरी बृद्धबृद्धा, अपाङ्ग र गर्भवती महिलाहरुको लागि पहुँचयोग्य बिन्दुहरू बढाउने । | कमजोर समूहहरू विशेष गरी बृद्धबृद्धा, अपाङ्ग र गर्भवती महिलाहरुको लागि पहुँचयोग्य बिन्दुहरू बढ्ने | निरन्तर | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्था, रेडक्रस अभियानका अंगहरु, निजी क्षेत्र |
| ९ | कमजोर समूहहरूलाई भारी राहत सामग्री लिएर जानको लागि सहयोगको व्यवस्था गर्ने | कमजोर समूहहरूलाई भारी राहत सामग्री लिएर जानको लागि सहयोग हुने | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्था, रेडक्रस अभियानका अंगहरु, निजी क्षेत्र |
| १० | स्थानिय समुदाय र महिलाहरुको मौलिक ज्ञान, क्षमता र सीपलाई पूर्वसूचना प्रणालीमा समाहित तथा एकीकृत गर्ने | स्थानिय समुदाय र महिलाहरुको ज्ञान, क्षमता र सीप पूर्वसूचना प्रणालीमा समाहित भै एकीकृत भएको हुने | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह, विकास साझेदार संस्था, रेडक्रस अभियानका अंगहरु, निजी क्षेत्र |

## २.६. प्रादेशिक बहुप्रकोप पूर्वसूचना संचार तथा प्रसार प्रणालीको ढाँचा

प्रादेशिक बहुप्रकोप पूर्वसूचना सञ्चार तथा प्रसार प्रणालीको मूल लक्ष्य भनेको सम्भावित विपद्को सूचना जोखिममा रहेको व्यक्ति र समुदायलाई यथाशीघ्र चाँडो वा समयमा पुऱ्याउनु हो । यस प्रणालीमा मुख्यतया तीन प्रकारका सरोकारवालाहरु हुनेछन् । पहिलो, यस प्रणालीको मुख्य जिम्मेवार निकायहरु, दोश्रो, यस प्रणालीले लक्षित गरेका मुख्य लाभन्वित वर्ग, र तेश्रो, यस कार्यमा महत्वपूर्ण सहयोगीको भूमिका खेल्ने समूह वा वर्ग ।

यो प्रणालीको मुख्य जिम्मेवार निकाय भनेको सरकार नै हो । प्रभावकारी पूर्वसूचना प्रणालीको विकास, सञ्चालन र व्यवस्थापन गरी नागरिकको जिउधन जोगाउने सरकारको प्रमुख दायित्व हो । यस प्रणालीबाट प्रत्यक्ष तत्काललाई फाईदा पुग्ने मुख्य लाभान्वित वर्ग भनेको प्रकोपको जोखिममा रहेका संकटासन्न समुदाय र व्यक्ति हुन् । विपद्बाट सुरक्षित हुन पाउने उनीहरुको नागरीक अधिकार हो । तर दीर्घकालमा लाभान्वित हुने भनेको जनता नै हो । तेश्रो सरोकारवालाले यो प्रणालीको प्रभावकारिताको लागि भूमिका खेल्दछ । यो उनीहरुको दायित्व र कर्तव्य पनि हो । अन्य सरोकारवालामा मुख्यत निजी क्षेत्र, बिकास साझेदार र सञ्चार जगत पर्दछन् । यद्यापि अन्य सहयोगी सरोकारवालाहरुले पनि बहुप्रकोप पूर्वसूचना तथा सञ्चार प्रणालीको प्रभावकारिताका लागि प्रमुख भूमिका खेल्न सक्दछन् । पूर्वसूचना संचार तथा प्रसारण प्रणालीका मुख्य सरोकारवाला निकाय तथा तिनले सम्पादन गर्ने प्रमुख गतिविधिहरु तालिका ८ मा दिईएको छ । प्रदेश स्तरीय बहुप्रकोप पूर्वसूचना सञ्चार तथा प्रसार प्रणालीको ढाँचा अनुसूची ४ मा दिईएको छ ।

तालिका ८. पूर्वसूचना सञ्चार तथा प्रसार प्रणालीका मुख्य सरोकारवाला निकाय तथा तिनले सम्पादन गर्ने प्रमुख गतिविधिहरु

| **सरोकारवाला प्रमुख निकायहरु** | **मुख्य कार्य तथा जिम्मेवारीहरु** | **सरोकारवाला, निजी क्षेत्र तथा संचारको भूमिका** |
|---|---|---|
| बहुप्रकोप अनुगमन केन्द्रहरु | • विभिन्न प्रकोपहरुको अनुगमन केन्द्रहरुमा उपकरण तथा प्राविधिकद्वारा प्रकोपको २४ सै घण्टा अनुगमन गर्ने<br>• अनुगमनबाट प्राप्त सूचनालाई स्वचालित ढङ्गबाट वेबसाइटमा प्रकाशन गर्ने र आधिकारिक निकायलाई पठाउने | सरोकारवालाहरु, विकास साझेदार, निजी क्षेत्र, प्रसारण संस्थाले यो प्रचारप्रसारमा सुरुवाती तहदेखि अन्त्यसम्म भूमिका<br>विद्युतीय प्रसारका माध्यम (टेलीफोन, एसएमएस, वेवसाईट,सामाजिक सञ्जाल, रेडियो, टिभी, तथा अन्य) ले सबै तहमा प्रसारको भूमिका खेल्न सक्ने<br>मानवीय क्याकलाप जस्तै हाते साईरन, हाते माईक, आदिले स्थानीय स्तरको प्रसारमा भूमिका खेल्न सक्ने |
| ↓ | | |
| सम्बन्धित आधिकारिक निकाय | • अनुगमन केन्द्रबाट प्राप्त सूचनालाई सम्बन्धित निकायले विश्लेषण र प्रमाणीकरण गरी सो सूचनाको प्रसारण गर्ने सम्बन्धमा निर्णय गर्ने<br>• पूर्वसूचना आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुलाई पठाउने | |
| ↓ | | |
| आपत्कालीन कार्य सञ्चालन केन्द्र (राष्ट्रिय, प्रदेश जिल्ला, स्थानीय) | • सम्बन्धित आधिकारिक निकायबाट प्राप्त पूर्वसूचना आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुको बिच आदान-प्रदान गर्ने र सबैले सो जानकारी पाएको सुनिश्चित गर्ने<br>• जोखिममा रहेका समुदाय, व्यक्ति र सरोकारवालाहरुलाई पूर्वसूचना पठाउँने<br>• सम्बन्धित प्रकोपको कारण विपद् हुनसक्ने समयमा सम्बन्धित आधिकारीक निकायहरुको वेवसाइट २४ सै घण्टा निगरानी गर्ने | |
| ↓ | | |
| सामुदायिक विपद व्यवस्थापन समिति, कार्यदलहरु जोखिममा रहेका समुदाय | • आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुबाट प्राप्त पूर्वसूचना लाई समुदायमा प्रचार प्रसार गरी व्यापक बनाउने,<br>• हरेक व्यक्ति, बालबालिका, जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति, महिला त्यसमा पनि सुत्केरी, गर्भवती र एकल महिलालाई विषेश ध्यान दिई पूर्वसूचना प्रसारण गर्ने | |
| ↓ | | |
| जोखिममा रहेका व्यक्ति | • परिवारका सबै सदस्यलाई पूर्वसूचनाको जानकारी गराउने | |

# अध्याय ३ : आर्थिक श्रोतको व्यवस्थापन

प्रदेश सरकारका विषयगत मन्त्रालय, आयोग, सचिवालय, सुरक्षा निकाय, निर्देशनालय, तालिम केन्द्र, कार्यालय समेतले आ-आफ्नो वार्षिक बजेटमा विपद् जोखिम न्यूनीकरणका कार्यलाई मूलप्रवाहिकरण गर्ने गरी यस कार्ययोजनामा सूचीकृत क्रियाकलापहरूलाई प्राथमिकतामा राखी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने गराउने छन् ।

प्रदेश अन्तर्गतका विपद् जोखिम न्यूनीकरण तथा पूर्वसूचना प्रणाली हेर्ने विषयगत कार्यालय तथा विकास साझेदारहरुले आ-आफ्नो वार्षिक बजेटमा विपद् जोखिम न्यूनीकरण तथा पूर्वसूचना प्रणालीका कार्यलाई मूलप्रवाहीकरण गर्ने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने गराउने छन् ।

प्रदेशस्थित स्थानीय तहहरूले रणनीतिक योजनाका क्रियाकलापलाई मार्गदर्शनको सूचीमा राखी आ-आफ्नो वार्षिक बजेटमा जोखिम न्यूनीकरणका कार्यलाई मूलप्रवाहीकरण गर्ने गरी नीति, योजना, कार्यक्रम र बजेटको कार्यान्वयन गर्ने गराउने छन् ।

प्रदेश विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष र स्थानीय विपद् व्यवस्थापन कोषको परिचालन गराउँदा क्रमशः प्रदेश, जिल्ला र स्थानीय तहले, रणनीतिक क्रियाकलापमा सूचीकृत क्रियाकलापलाई प्राथमिकतामा राखी कार्यान्वयन गराउने छन् ।

अन्य श्रोतहरु निम्नानुसार हुन सक्नेछन् ।

१. निजी संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासंघ, सहकारी, बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरूको लगानी
२. विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) बाट सहयोग
३. व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) र अन्य पहलहरू मार्फत निजी क्षेत्रबाट सहायता
४. अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरू एवं रेडक्रस अभियानका अंगहरुबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट
५. विश्व जलवायु लगानी संयन्त्र, हरित जलवायु कोष
६. विकास साझेदारहरू जस्तै, एसियाली विकास बैंक, विश्व बैंकबाट विकास सहायता
७. अन्तर सरकारी संगठनहरूको सहायता (जस्तै, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD), दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC), अफ्रिका र एशियाको लागि क्षेत्रिय एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली (RIMES) आदि)

# अध्याय ४: अनुगमन, मूल्याङ्कन, सिकाई र पुनरावलोकन

यस रणनीतिक कार्ययोजनाको अनुगमन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले गर्नेछ । प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले अनुगमन गर्दा आवश्यक उपसमितिको गठन गर्न सक्नेछ । उपसमितिको गठन तथा कार्यढाँचाको अनुगमन सम्बन्धी अन्य कुरा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले आफै निर्धारण गर्नेछ । यस रणनीतिक कार्ययोजनाको कार्यान्वयन अवस्थाको मूल्यांङ्कन प्रदेश विपद् व्यवस्थापन परिषद्ले गर्नेछ । प्रदेश विपद् व्यवस्थापन परिषद्ले मूल्याङ्कन गर्दा उपसमितिको गठन गर्न सक्नेछ । उपसमितिको गठन तथा कार्यढाँचाको मूल्यांङ्कन सम्बन्धी अन्य कुरा प्रदेश विपद् व्यवस्थापन परिषद्ले आफै निर्धारण गर्नेछ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यस रणनीतिक कार्ययोजनाको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा सो कार्यमा सहयोग समेत गर्नेछ ।

यस कार्ययोजनाको वार्षिक वा आवधिक अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सिकाई र सुझावलाई प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले पुनरावलोकनको आधारका रूपमा ग्रहण गर्नेछ । प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले उपर्युक्त सिकाई र सुझावका आधारमा आवश्यकता अनुसार रणनीतिक कार्ययोजना कार्यान्वयनको पुनरावलोकन गर्नेछ ।

विपद् जोखिम न्यूनीकरण तथा पूर्वसूचना प्रणालीको गतिशील र बदलिँदो आयामलाई प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले कार्ययोजना पुनरावलोकनको आधारका रूपमा ग्रहण गर्नेछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले रणनीतिक कार्ययोजनाको सिकाई र पुनरावलोकनका आधारहरूको नियमित रूपमा संस्थागत अभिलेख राख्नेछ ।

प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७ ले निर्दिष्ट गरे बमोजिमका लक्ष्यहरु हासिल भए नभएको निक्यौंल हुने गरी सूचकहरुका आधारमा अनुगमन र मूल्याङ्कन गर्नु पर्दछ । जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहहरुले तय गरेका भिन्न एवं थप लक्ष्यहरु र सूचकहरुलाई समेत अनुगमन र मूल्याङ्कनको आधार लिन सकिनेछ । अनुगमन, मूल्याङ्कन तथा सिकाईमा देहायका बिषयहरू समेटिने छन् ।

क) स्थापित पूर्वसूचना प्रणालीहरु तोकिएको ढाँचा र निर्देशिका अनुसार प्रभावकारी रूपमा सञ्चालन भएका छन् वा छैनन् सो को मूल्याङ्ककन गर्ने ।

ख) पूर्वसूचना प्रणालीहरूबाट समयमै विपद् जोखिम सम्बन्धी पूर्वसूचनाहरू सम्बन्धित निकाय र समुदायहरूमा प्रवाहित भई निर्दिष्ट लक्ष्य हासिल हुन सके वा नसकेको मूल्याङ्कन गर्ने ।

ग) विभिन्न निकायहरूवाट सञ्चालन गरिएका क्रियाकलापहरूको कार्यान्वयनको स्थिति, कार्यान्वयनको क्रममा देखिएका समस्याहरूको पहिचान गरी ती समस्याहरू निराकरणको लागी आवश्यक उपायहरू अवलम्बन गर्ने ।

घ) सिकाई तथा प्रविधिको उपलब्धताका आधारमा पूर्वसूचना प्रणालीका विभिन्न अंग, संरचना तथा क्रियाकलापहरुलाई समयानुकुल सुधार र स्तरोन्नती गर्ने ।

# अनुसूचीहरु

## अनुसूची १ : सुदूरपश्चिम प्रदेशमा संचालनमा रहेका जलविज्ञान केन्द्रहरु

| क्र.सं. | केन्द्र नं. | नदी | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १०५.०० | महाकाली नदी | दत्तु, दार्चुला | |
| २ | ११५.०० | नौगरा गाड | हरिसिं बगर, दार्चुला | |
| ३ | १२०.०० | चमेली नदी | नयलबडी, दार्चुला | |
| ४ | १२५.०० | जमादी गाड | पन्जुनाया, बैतडी | |
| ५ | १६९. ०० | चन्द्री गाड | बिष्टापरी, बैतडी | |
| ६ | १६९.८० | सुर्नया गाड | सुकमैना, बैतडी | |
| ७ | १७५.०० | काक्री गाड | बागेश्वरी, डडेल्धुरा | |
| ८ | १७६.०० | रुपालि गाड | रुपाल, डडेल्धुरा | |
| ९ | १७७.०० | सिर्सा गाड | सिर्सा, डडेल्धुरा | |
| १० | १७८.०० | महाकाली नदी | परीगाँउ, डडेल्धुरा | |
| ११ | १७८.१० | रङ्गुन खोला | कैनिपानी, डडेल्धुरा | |
| १२ | १७९.०० | चौधर नदी | दैजि, कञ्चनपुर | |
| १३ | १७९.१० | स्याली नदी | अर्जुनि ब्यारेक, कञ्चनपुर | |
| १४ | १९०.८० | खुटीया खोला | मुडीभार, कैलाली | |
| १५ | २५१.०० | सेती नदी | चैनपुर, बझाङ्ग | |
| १६ | २५१.५० | बाहुली गाड | चैनपुर, बझाङ्ग | |
| १७ | २५१.६० | लङगुर खोला | खैराडी, बझाङ्ग | |
| १८ | २५१.७० | सुनी गाड | असैनि, बझाङ्ग | |
| १९ | २५१.८० | तरु गाड | मैरीबगर, बझाङ्ग | |
| २० | २५३.०० | सकायल गाड | डाँडाबन, डडेल्धुरा | |
| २१ | २५५.५० | कलाङगा गाड | बग्थला, बझाङ्ग | |
| २२ | २५८.०० | ढुङ्गड गाड | भस्मे, बैतडी | |
| २३ | २५९.१० | सैलि गाड | जलकुले, डोटि | |
| २४ | २५९.२० | सेती नदी | गोपाघाट, डोटि | |
| २५ | २५९.५० | सेती नदी | सामुहगाड, डोटि | |
| २६ | २६२.०० | ठुली गाड | खनायाताल, डोटि | |
| २७ | २८१.०० | मोहना नदी | मालाखेति, कैलाली | |
| २८ | २८२.०० | घुरहा खोला | खरेट्टी, कैलाली | |

| क्र.सं. | केन्द्र नं. | नदी | स्थान | कैफियत |
|---|---|---|---|---|
| २९ | २८३.०० | कटैनी नदी | पबेरा, कैलाली | |
| ३० | २८३.३० | कान्द्रा नदी | पहलमानपुर, कैलाली | |
| ३१ | २८३.५० | पथरैया नदी | छछरहवा, कैलाली | |
| ३२ | १८१.५० | दोदा नदी | पुर्व पश्चिम राजमार्ग पुल | |
| ३३ | १८०.०० | महाकाली नदी | दोधाराचाँदनी (४ लेनपुल) | |
| ३४ | | पथरैया नदी | कुसुमघाट पुल, जानकी गा.पा. | |

## अनुसूची २ : सुदूरपश्चिम प्रदेशमा सञ्चालनमा रहेका मौसमी केन्द्रहरु

| क्र. सं. | केन्द्रको नाम | केन्द्रको प्रकार | केन्द्र नं. | क्र. सं. | केन्द्रको नाम | केन्द्रको प्रकार | केन्द्र नं. |
|---|---|---|---|---|---|---|---|
| १ | काकर पाखा | वर्षा | १०१ | ३५ | सुतार, अछाम | वर्षा | २३५ |
| २ | शान्तिपुर, बेलौरी | वर्षा | १०६ | ३६ | साप्पाटा, बाजुरा | वर्षा | २३६ |
| ३ | सतबाँफ | वर्षा | १०८ | ३७ | चिउरी, डोटी | वर्षा | २३८ |
| ४ | लुम्थी | वर्षा | १०९ | ३८ | मालाखेति, कैलाली | वर्षा | २३९ |
| ५ | दल्लेखधार, दार्चुला | वर्षा | ११० | ३९ | चौमाला, कैलाली | वर्षा | २४० |
| ६ | धरमापानी, दार्चुला | बर्षा | १११ | ४० | गर्भा दरबार | वर्षा | २४२ |
| ७ | रुपाल, डडेलधुरा | वर्षा | ११६ | ४१ | बलिया, कैलाली | वर्षा | २४३ |
| ८ | साहुखर्क, डडेलधुरा | वर्षा | ११७ | ४२ | भजनी,कैलाली | वर्षा | २४४ |
| ९ | जोगबुडा, डडेलधुरा | वर्षा | ११८ | ४३ | गोठालापानी, बैतडी | हावापानी | १०२ |
| १० | हनुमाननगर, कञ्चनपुर | वर्षा | ११९ | ४४ | डडेल्धुरा | हावापानी | १०४ |
| ११ | खोलागोठ, कञ्चनपुर | वर्षा | १२० | ४५ | महेन्द्रनगर, लालपुर | हावापानी | १०५ |
| १२ | दोधारा, कञ्चनपुर | वर्षा | १२१ | ४६ | बिनायक | हावापानी | १४४ |
| १३ | पर्सीया, कञ्चनपुर | वर्षा | १२२ | ४७ | गोकुलेश्वर | हावापानी | १९७ |
| १४ | विचवा, कञ्चनपुर | वर्षा | १२३ | ४८ | दार्चुला | हावापानी | १९८ |
| १५ | झलारी, कञ्चनपुर | वर्षा | १२४ | ४९ | पाटन, बैतडी | हावापानी | १९९ |
| १६ | पिपलकोट, बझाङ्ग | वर्षा | २०१ | ५० | गईबाधे,उधासिपुर | हावापानी | १२५ |
| १७ | आसराघाट, अछाम | वर्षा | २०६ | ५१ | चौर बन्दाले | हावापानी | १३४ |
| १८ | साडपोनी, कैलाली | वर्षा | २०८ | ५२ | सिद्धपुर, बैतडी | हावापानी | २१५ |
| १९ | बाङ्गगा, अछाम | वर्षा | २१० | ५३ | सिलगढी | हावापानी | २०३ |
| २० | खप्तड, डोटी | वर्षा | २११ | ५४ | मार्तडी | हावापानी | २०४ |
| २१ | सितापुर, कैलाली | वर्षा | २१२ | ५५ | काटे | हावापानी | २०५ |
| २२ | कोलागाँउ, डोटी | वर्षा | २१४ | ५६ | टिकापुर | हावापानी | २०७ |
| २३ | रैसल्ली, बझाङ्ग | वर्षा | २२२ | ५७ | अतरिया | हावापानी | २०९ |
| २४ | थलारा, बझाङ्ग | वर्षा | २२३ | ५८ | कालुखेती | वर्षा | २३१ |
| २५ | ओलेना, बाजुरा | वर्षा | २२४ | ५९ | गोदावरी | हावापानी | २१५ |
| २६ | सुनकुडा, वागथाला | वर्षा | २२५ | ६० | मंगलसेन | हावापानी | २१७ |
| २७ | रायल, बझाङ्ग | वर्षा | २२६ | ६१ | दिपायल | हावापानी | २१८ |
| २८ | कोल्टी ,बाजुरा | वर्षा | २२७ | ६२ | कर्णाली, चिसापानी | हावापानी | २१९ |
| २९ | कैलाशमाण्डौ,बाजुरा | वर्षा | २२८ | ६३ | पत्कानी | हावापानी | २२० |
| ३० | झिङ्गराना | वर्षा | २२९ | ६४ | गोगनपानी | वर्षा | २४१ |
| ३१ | गोलाघाट, अछाम | वर्षा | २३० | ६५ | चैनपुर | वर्षा | २९९ |

| क्र. सं. | केन्द्रको नाम | केन्द्रको प्रकार | केन्द्र नं. | क्र. सं. | केन्द्रको नाम | केन्द्रको प्रकार | केन्द्र नं. |
|---|---|---|---|---|---|---|---|
| ३२ | कालुखेती, बझाङ्ग | वर्षा | २३१ | | | | |
| ३३ | गैरा, डोटी | वर्षा | २३३ | | | | |
| ३४ | डुम्राकोट, डोटी | वर्षा | २३४ | | | | |

## अनुसूची ३ : बाढीको लागि पूर्वकार्य कार्यविधी

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| मनसुन पूर्व करिब १ महिना | मनसुन आउटलुक अनुसार यस बर्षको मनसुनी बर्षा औसत भन्दा बढी हुने सम्भावना | • प्रदेश विपद् ब्यबस्थापन कार्यकारी समिति बैठक गर्ने, सो सम्बन्धमा सबै सरोकारवालाहरु लाई जानकारी गराउने र आवश्यक पुर्वतयारी गर्न निर्देशन दिने | प्रदेश विपद् ब्यबस्थापन कार्यकारी समिति |
| | | • जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्न निर्देशन दिने र सो अनुसार प्रदेश विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति |
| | | • मनसुन पूर्वतयारी योजना अद्याबधिक गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| | | • आवश्यकता अनुसार दक्ष जनशक्ति र स्रोतसाधनको व्यवस्थापन गर्नका लागी सबै सरोकारवालाहरु लाई निर्देशन दिने | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| | | • विपद पुर्वतयारी तथा प्रतिकार्य लाई प्रभावकारी बनाउनका लागी बिपद्को नमुना अभ्यास गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै विषयगत क्षेत्रहरु |
| ३ दिन | भारी वर्षा, नदीको जलसतह बढ्दो क्रममा रहेको र सतर्कता तह पार गर्ने उच्च सम्भावना | • जल तथा मौसम विज्ञान विभागले जारी गरेको मौसम पूर्वानुमानबारे क्लस्टर लिड, कोलिड र सदस्यहरुलाई जानकारी गराउने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, आपत्कालिन कार्य सञ्चालन केन्द्रहरु, विकास साझेदार |
| | | • हरेक विषयगत क्षेत्रहरुका लागि समन्वय बैठक, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति बैठक बोलाउने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै विषयगत क्षेत्रहरु |
| | | • स्थानिय विपद् व्यवस्थापन समिति तथा सामुदायिक विपद् व्यवस्थापन समिति बैठक बस्ने | स्थानिय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समितिहरु |
| | | • अस्थायी आश्रयस्थलहरु तयारी अवस्थामा राख्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकायहरु |
| | | • सङ्कटासन्न समुदायको नजिकै तयारी | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुरक्षा निकायहरु |

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| | | अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने | |
| | | ● खोज तथा उद्धार टोलीको परिचालन, सम्भावित बाढीको खतरा भएको गाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला जनस्वास्थ्य कार्यालय |
| | | ● बाढी प्रभावित आश्रयस्थल र शिविरहरुमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त सुख्खा खाना भण्डारण गर्ने | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र, नेपाल खाद्य संस्थान, नेपाल उद्योग तथा वाणिज्य महासङ्घ, नेपाल रेडक्रस सोसाइटी, बिकास साझेदारहरु |
| | | ● सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र जल निर्मलीकरण घोल वितरण गर्ने | सामाजिक विकास मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, विश्व स्वास्थ्य संगठन |
| | | ● अति संकटासन्न क्षेत्रका वृद्धवृद्धा, अपाङ्गता भएका र जोखिममा परेका मानिसहरुका लागि अन्यत्र सार्न तयारी गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल |
| | | ● खोज तथा उद्धार प्रणाली स्थापना, कायम र प्रबन्ध गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला विपद ब्यबस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल |
| | | ● कमान्ड पोस्ट परिचालित हुने, असुरक्षित परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने | मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल |
| | | ● घुम्ती क्लिनिकको स्थापना र | सामाजिक विकास मन्त्रालय, |

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| | | परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने | नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय , बिकास साझेदार |
| | | • समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक गर्ने | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति |
| | | • गर्भवती महिला तथा स्तनपान गराइरहेका आमाहरूलाई स्वास्थ्य किट वितरण गर्ने | सामाजिक विकास मन्त्रालय, विश्व स्वास्थ्य संगठन, बिकास साझेदार संस्था, नेपाल रेडक्रस सोसाइटी |
| | | • खाद्य आपूर्ति भण्डारणको निम्ति पानी नछिर्ने झोला, नागरिकता प्रमाणपत्र, राहदानी, जग्गा धनी पुर्जा, सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाण पत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली, रबर पन्जा, रबर बुट, पानी नछिर्ने ज्याकेट, लाइफ ज्याकेट आदि वितरण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, विकास साझेदार संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |
| | | • महत्वपूर्ण कागजातहरुलाई पानी नछिर्ने थैलीमा राख्न र खाद्य पदार्थ लगायत अन्य वस्तुहरु पानी नछिर्ने झोलामा राख्न सहजीकरण गर्ने | सामुदायिक विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, बिकास साझेदार, नागरिक समाज, निजी क्षेत्र, सुरक्षा निकाय |
| अग्रिम समयमा विशेष बुलेटीन | भारी बर्षा तथा नदीको जलसतह खतरा तह पारगर्ने उच्च सम्भावना | • सम्भावित बाढीको पुर्वसुचना नियमित रुपमा अद्यावधिक गरी आपतकालिन कार्यसंचालन केन्द्रहरु मार्फत समुदायसम्म सम्प्रेषण गर्ने । | जल तथा मौसम विज्ञान विभाग प्रदेशस्तरिय कार्यालय, आपतकालिन कार्यसंचालन केन्द्रहरु, सुरक्षा निकाय, संचार माध्यमहरु |
| | | • अस्थायी शिविर र टेंण्ट सुरक्षित स्थानमा निर्माण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकायहरु |
| | | • अति संकटासन्न क्षेत्रका वृद्धवृद्धा, अपाङ्गता भएका र जोखिममा परेका | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल |

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| | | मानिसहरु र तिनीहरूका पशुधनलाई सुरक्षित आश्रयस्थलमा सार्ने प्रक्रिया शुरु गर्ने | रेडक्रस, विपद व्यवस्थापन स्वयमसेवक, बिकास साझेदार, निजी क्षेत्र |
| | | ● कम्तीमा ३ दिन सम्मको लागी खाद्य सामग्री व्यबस्था गरि सुरक्षित स्थानमा भण्डार गरि राख्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र, नेपाल खाद्य संस्थान, नेपाल उद्योग तथा वाणिज्य महासङ्घ, नेपाल रेडक्रस सोसाइटी, बिकास साझेदारहरु |
| | | ● पशुधन तथा सार्न सकिने भौतिक सम्पत्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस, विपद व्यवस्थापन स्वयमसेवक, बिकास साझेदार, निजी क्षेत्र |
| २४ घण्टा | भारी वर्षा, नदीको जलसतह बढ्दो क्रममा रहेको र खतरा तह पार गर्ने उच्च सम्भावना | ● अस्थायी शिविर र टेंण्ट सुरक्षित स्थानमा निर्माण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकायहरु |
| | | ● अति संकटासन्न क्षेत्रका वृद्धवृद्धा, अपाङ्गता भएका र जोखिममा परेका मानिसहरु र तिनीहरूका पशुधनलाई सुरक्षित आश्रयस्थलमा सार्ने प्रक्रिया शुरु गर्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस, विपद व्यवस्थापन स्वयमसेवक, बिकास साझेदार, निजी क्षेत्र |

# अनुसूची ४: तातोलहरको लागि पूर्वकार्य कार्यविधी

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| बिशेष बुलेटिन (तातो दिन तथा तातो लहर सम्बन्धी बुलेटि) | जल तथा मौसम विज्ञान विभागबाट तिन दिन अगाडी जारी हुने तातो दिन तथा तातो लहर सम्बन्धी बुलेटिन बिशेष बुलेटिन अनुसार धेरै स्थानहरुमा तातो दिन वा तातो लहरको सम्भावना रहेमा | प्रदेश विपद् व्यबस्थापन कार्यकारी समिति बैठक बसी सबै सरोकारवालाहरुलाई सूचना प्रवाह गर्ने र आवश्यक पुर्वतयारी गर्न निर्देशन दिने | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| | | हरेक विषयगत क्षेत्रहरुका लागि समन्वय बैठक, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति बैठक बोलाउने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै विषयगत क्षेत्रहरु |
| | | स्थानिय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समितिका बैठक बस्ने | सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानिय विपद् व्यवस्थापन समिति |
| | | लूबाट बच्ने उपाय बारे स्थानीय भाषामा प्रचारप्रसार गर्ने (पर्चा, पम्पलेट, माइकिङ्ग, समाजिक सञ्जाल, रेडियो, टेलिभिजन लगायत) | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, जिल्ला जनस्वास्थ्य कार्यालय, संघ संस्थाहरु |
| | | घरभित्रको तापक्रम कम गर्ने उपायहरु अवलम्बन गर्ने गराउने जस्तै जस्तापातामा सेतो पेन्ट (Ceramic White Paint) लगाउने, स्थानीय सामग्री (जस्तैः जुटको बोराभित्र भुस) उपयोग गरी फल्स सिलिङ्ग राख्ने, भेन्टिलेसनको आकार बढाउने, छतलाई चिसो बनाउने उपाय अवलम्बन गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, निर्माण व्यवसायी संघ |
| | | लक्षित वर्गको पहिचान गरी जीवनजल, पानी, पंखा लगायत सहयोगी सामग्रीहरु वितरण गर्ने | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरु जस्तै विभिन्न मन्त्रालयहरु, जिल्ला प्रशासन कार्यालय, स्थानिय तह, निजी क्षेत्र तथा संघ संस्था, नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय, निजी क्षेत्र, संघ |

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| | | | संस्थाहरु |
| | | लू बाट कुनै घटना भएको अवस्थाबारे जानकारी हुने वित्तिकै औषधि र स्वाथ्यकर्मी सहितको टोली परिचालन गर्ने गरी सम्बन्धित स्थानीय तहमा एक्सन टिम तयारी गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, , नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय, निजी क्षेत्र |
| | | जोखिममा परेका संकटासन्न जिल्ला तथा स्थानिय तह द्धारा लू को अवस्था हेरी शैक्षिक संस्थाहरुको पठनपाठनको समय निर्धारण गर्ने वा शैक्षिक संस्था बन्द गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, शिक्षण संस्था |
| | | लू बाट बच्न श्रमिक, किसान मजदुर लगायत दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरुलाई बिहान बेलुकामात्र काम गर्ने वातावरण मिलाउने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, सम्बन्धित व्यवसायी, निजी क्षेत्र, उद्योग वाणिज्य संघ |
| | | औद्योगिक प्रतिष्ठान तथा कलकारखानाहरुमा कामदार एवं श्रमिक, मजदुर, किसानहरुलाई तातो हावाको लहरबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि स्वास्थ्य वीमा गर्ने, गराउने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, सम्बन्धित व्यवसायी |
| | | औद्योगिक प्रतिष्ठान तथा कलकारखानाहरुका कामदार एवं श्रमिकहरुलाई लूबाट बच्न उपयुक्त वातावरण बनाउने (जस्तापातामा गर्मी प्रतिरोधी सेतो पेन्ट (Ceramic White Paint) लगाउने, पंखा, पिउने पानी, भेन्टिलेसन, विश्राम समय र आकस्मिक प्राथमिक उपचारको व्यवस्था गर्ने) | आन्तरिक मामिला तथा कानून मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ |
| | | स्थानीय सार्वजनिक यातायातहरुमा सिट क्षमता अनुसार मात्र यात्रु राख्ने र पंखाको व्यवस्था मिलाउने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, यातायात व्यवसायी |

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| | | लू को अवस्था हेरी हाट बजार, मेला महोत्सव लगायत भिडभाडजन्य क्रियाकलाप निरूत्साहित गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, नेपाल प्रहरी |
| | | लू सम्बन्धी ज्ञान भएका स्वयंसेवकलाई प्रचारप्रसार एवं उपचारमा परिचालन गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, संघ संस्थाहरु |
| | | शहरी क्षेत्रका विभिन्न स्थानमा हेल्थ डेस्क सहित पाल, टेण्ट राख्ने र पानी, जीवनजल, सर्वत वितरणको व्यवस्था मिलाउने | सामाजिक विकास मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय, निजी क्षेत्र, संघ संस्थाहरु |
| | | विद्युत आपूर्तिलाई नियमित गर्ने गराउने | नेपाल विधुत प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, स्थानिय तह, निजी क्षेत्र |
| | | प्राथमिक उपचारका लागि स्थानीय स्वास्थ्य संस्थाहरु तयारी अवस्थामा राख्ने | स्थानिय विपद व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय |
| | | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले कार्यस्थलमा सेवाग्राहीहरुलाई शीतल प्रतिक्षालय, चिसो पानी, पंखा लगायत सुविधा उपलब्ध गराउने | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरु जस्तै विभिन्न मन्त्रालयहरु, स्थानिय तह, निजी क्षेत्र तथा संघ संस्था |

## अनुसूची ५ : शितलहरको लागि पूर्वकार्य कार्यविधी

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| शितलहर सम्बन्धी विशेष बुलेटिन (Coldwave Bulletin) | जल तथा मौसम विज्ञान विभागबाट केहि दिन अगाडी जारी हुने शितलहर सम्बन्धी विशेष बुलेटिन अनुसार धेरै स्थानहरुमा हुस्सु, कुहिरो र शितलहरको सम्भावना रहेमा | प्रदेश विपद् व्यबस्थापन कार्यकारी समिति बैठकले सबै सरोकारवालाहरुलाई सम्भावित शीतलहरका लागि आवश्यक पुर्वतयारी गर्न निर्देशन दिने | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| | | हरेक विषयगत क्षेत्रहरुका लागि समन्वय बैठक, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति बैठक बोलाउने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै विषयगत क्षेत्रहरु |
| | | सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानिय विपद् व्यवस्थापन समितिका बैठक बस्ने | सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानिय विपद् व्यवस्थापन समिति |
| | | शितलहर बाट बच्ने उपाय सम्बन्धी स्थानीय भाषामा प्रचारप्रसार गर्ने (पर्चा, पम्पलेट, माइकिङ्ग, समाजिक सञ्जाल, रेडियो, टेलिभिजन लगायत) | आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला जनस्वास्थ्य कार्यालय, स्थानिय तह, स्थानिय संचार माध्यम, नेपाल रेडक्रस सोसाइटी, संघ संस्थाहरु |
| | | विपद पुर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन सबै सरोकारवालाहरुले शितलहरमा तालिम प्राप्त दक्ष जनशक्ति र स्रोतसाधनको प्रयोग गरि नमुना अभ्यास गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै विषयगत क्षेत्रहरु |
| | | उद्योगमा काम गर्ने श्रमिकहरुलाई चिसोबाट बच्न उपयुक्त वातावरण बनाउने र आकस्मिक प्राथमिक उपचारको व्यवस्था गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ |
| | | शीतलहर सम्बन्धि सचेतना कार्यक्रमहरु संचालन गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानिय विपद् व्यवस्थापन समिति |
| | | शितलहर बाट कुनै घटना भएको अवस्थाबारे जानकारी हुने वित्तिकै औषधि स्वाथ्यकर्मी सहितको टोली परिचालन गर्ने गरी सम्बन्धित स्थानीय तहमा एक्सन टिम | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य |

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| | | तयारी गर्ने | कार्यालय, नेपाल प्रहरी, नगर प्रहरी, निजी क्षेत्र, संघ संस्थाहरु |
| | | विद्युत आपूर्तिलाई नियमित गराउने | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरु जस्तै विभिन्न मन्त्रालयहरु, नेपाल विधुत प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, स्थानिय तह, निजी क्षेत्र, संघ संस्थाहरु |
| | | प्राथमिक उपचारका लागि स्थानीय स्वास्थ्य संस्थाहरु तयारी अवस्थामा राख्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, , नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय, निजी क्षेत्र, संघ संस्थाहरु |
| | | शितलहर सम्बन्धी ज्ञान भएका स्वयंसेवकलाई प्रचारप्रसार एवं उपचारमा तयारी अवस्थामा राख्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, संघ संस्थाहरु |
| | | पशु चौपायाका लागि सुरक्षित स्थानको व्यवस्था गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, |
| | | अति विपन्न परिवारको लागि न्यानो कपडा, पोषिलो खानेकुरा, दाउरा, विद्युतिय किट्ली, हिटर आदि वितरण गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, संघ संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| | | शितलहर जोखिममा परेका जिल्ला तथा स्थानिय तहद्धारा शितलहरको अवस्था हेरी शैक्षिक संस्थाहरुको पठनपाठनको समय निर्धारण गर्ने वा शैक्षिक संस्था बन्द गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय विपद व्यवस्थापन समिति, शिक्षण संस्था |
| | | शितलहरबाट बच्ने उपायको जानकारी समुदायमा प्रसारण गर्ने | स्थानिय तह, नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य |

| अग्रिम समय | पूर्वसूचना | पूर्वकार्यहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|---|
| | | | कार्यालय, निजी क्षेत्र, संघ संस्थाहरु |
| | | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले कार्यस्थलमा सेवाग्राहीहरुलाई वातानुकुलीत प्रतिक्षालय, तातो पानी लगायत सुविधा उपलब्ध गराउने | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरु जस्तै विभिन्न मन्त्रालयहरु, स्थानिय तह, निजी क्षेत्र, संघ संस्थाहरु |
| | | मुख्य मुख्य चोक तथा सार्वजनिक स्थलमा दाउरा वितरण गर्ने | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरु जस्तै विभिन्न मन्त्रालयहरु, जिल्ला प्रशासन कार्यालय, स्थानिय तह, निजी क्षेत्र तथा संघ संस्था, नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय |
| | | अशक्त, अपाङ्ग, क्रियापुत्री, बालबालिका, जेष्ठ नागरिक, सुत्केरी, गर्भवती महिलाहरुको लागि शीतलहरबाट बच्न विशेष व्यवस्था गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानिय तह, निजी क्षेत्र तथा संघ संस्था, नेपाल रेडक्रस सोसाइटी, जनस्वास्थ्य कार्यालय |
| | | शीतलहर प्रतिरोधी बाली लगाउँने बारे कृषकहरुलाई सल्लाह सुझाव दिने | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

## अनुसूची ६ : प्रदेशस्तरीय बहुप्रकोप पूर्वसूचना सञ्चार तथा प्रसार प्रणालीको ढाँचा




मुद्रण सहयोगः प्राक्टिकल एक्सन नेपाल र भेरी वातावरणीय विशिष्टतता समूहको साझेदारीमा सञ्चालित समुदायको लागि जलवायु उत्थानशील कार्यक्रम

सुदूरपश्चिम प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

धनगढी, कैलाली

moial.sudurpashchim.gov.np

moiaffairsandlaw7@gmail.com

091-526688, 091-526934